**सानीभेरी गाउँपालिका, सिम्ली,रुकुम(पश्चिम),कर्णाली प्रदेश,नेपाल**

# सानीभेरी राजपत्र

**खण्ड: ७** **संख्या :०७** **मिति: २०८०/११/०१**

# भाग-१

# सानीभेरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

नेपालको संविधान बमोजिम स्थानीय गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन कार्यविधि , नियमावली, मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको।

## सानीभेरी गाउँपालिका वन ऐन ,२०८०

**प्रस्तावना:**

प्राकृतिक स्रोत साधनको संरक्षण, विकास र दिगो व्यवस्थापन गर्दै वनको परम्परागत रूपमा संरक्षण, भोगचलन, गर्दै आईरहेका समुदाय वनक्षेत्रमा आश्रित समुदायको वन व्यवस्थापन र लाभको न्ययोचित बाँडफाडमा प्रतिनिधित्व र पहुँच सहितको अधिकारलाई संरक्षण गर्दै, नेपालको संविधानमा उल्लेखित वनमाथिको स्थानीय समुदायको अग्राधिकारलाई व्यवहारिक रूपमा प्रत्याभूत गराउदै वनको दिगो व्यवस्थापन, न्यायोचित वितरणको माध्यमबाट स्थानीय समुदायको आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउदै दिगो विकासको लक्ष्य प्राप्त गर्न थप योगदान पुऱ्याउन वनको व्यवस्थापन, सम्वन्धि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा ५१ को उपधारा (छ) बमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ४ को ङ (२) र (५) अनुसारको व्यवस्था कार्यन्वयन गर्न स्थानिय सरकार संचालन ऐनको दफा १०२ अनुसार यस सानीभेरी पालीकाको गाउँ सभाले यो स्थानीय वन ऐन २०८० बनाएको छ ।

## <u>परिच्छेद- १</u>

## <u>संक्षिप्त नाम र प्रारम्भिक</u>

**१. <u>संक्षिप्त नाम र प्रारम्भः-</u>**

(१) यस ऐनको नाम "सानीभेरी गाउँपालीका वन ऐन, २०८०" रहेको छ ।

(२) सानीभेरी गाउँपालिकामा यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. <u>परिभाषाः-</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः-

(क) "वन" भन्नाले पूर्ण वा आंशिक रूपमा रुखहरूले ढाकिएको विद्यमान अवस्थामा रहेको सामुदायिक वन, धार्मिक वन, शहरी वन, कृषि वन, वृक्षारोपण, सीमसार क्षेत्र, प्रथाजनित रूपमा व्यवस्थापन गरिएको वन र पारिवारिक—निजि वन समेतलाई सम्झनु पर्छ ।

(ख)"स्थानीय वन ऐन २०८० भन्नाले" यस सानीभरी गाउँपालीकाको गाउँसभाले पारित गरेको वन ऐन २०८० सम्झनु पर्दछ ।

(ग) "प्राकृतिक स्रोत साधन" भन्नाले जल, जमिन, जंगल, वन्यजन्तु, खनिज, जैविक विविधता आदि जस्ता प्राकृतिक रूपमा प्राप्त श्रोत साधनलाई सम्झनु पर्छ ।

(घ) "परम्परागत रूपमा संरक्षण, भोगचलन" भन्नाले पुस्तौ-पुस्तादेखि परम्परागत ज्ञान, सीप र विधिबाट वनको व्यवस्थापन, संरक्षण, विकास तथा त्यस्तो वनबाट प्राप्त हुने वन पैदावारहरूको सदुपयोग वा भोगचलनको निरन्तरतालाई सम्झनु पर्छ ।

(ङ)"वनमाथिको पहुँच" भन्नाले वनको संरक्षण र व्यवस्थापनमा सहभागी हुने र निर्णय लिने, वनबाट प्राप्त हुने वनपैदावारलाई प्राप्त गर्ने, सदुपयोग वा भोगचलन गर्ने, वनक्षेत्रमा निर्वाध रूपमा प्रवेश र आवतजावत गर्ने अधिकारलाई सम्झनु पर्छ ।

(च) "वनमाथिको स्वामित्व" भन्नाले परम्परागतरूपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आईरहेको वनक्षेत्र माथि त्यस्तो वनक्षेत्रको आसपासमा बसोबास गर्ने स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित, अल्पसंख्यक लगायतका उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायलाई त्यस्तो वनक्षेत्रको निरन्तर रूपमा संरक्षण, भोगचलन, उपयोग गर्न पाउने गरी प्राप्त हुने त्यस्तो वनक्षेत्र माथिको समुदायको सामुहिक स्वामित्वलाई सम्झनुपर्छ ।

(छ) "वन अधिकार" भन्नाले परिच्छेद २ मा उल्लेखित वनसम्बन्धी अधिकारलाई सम्झनु पर्छ ।

(ज) "स्थानीय वन परिषद्" भन्नाले दफा १३ बमोजिम गठन हुने वन अधिकार संरक्षण स्थानीय वन परिषद्लाई सम्झनु पर्छ ।

(झ) "स्थानीय समुदाय" भन्नाले वनक्षेत्रसंग सीमाना जोडिएको वनक्षेत्रबाट आश्रित एवं लाभान्वित आदिवासी जनजाति, महिला, दलित, अल्पसंख्यक सानीभेरी गाउँपालिका बासी सम्झनुपर्दछ ।

(ञ)  “अन्य समुदाय” भन्नाले सामुदायिक वनबाट प्राप्त हुने वन पैदवार आफ्नो घर परिवारको जीविकोपार्जनको लागि कुनै न कुनै रुपले सदुपयोग गर्दै आईरहेको, वन पैदवारको लागि त्यस्तो वनक्षेत्रबाट आश्रित एवं लाभान्वित भौगोलिक रूपमा वन क्षेत्रदेखि टाढा रहेको घर, परिवार समुदायलाई सम्झनु पर्दछ ।

(ट)“अधिकारवाला” भन्नाले यस ऐन बमोजिम वन अधिकार प्राप्त हुने व्यक्ति, परिवार वा समुदाय समेतलाई सम्झनु पर्छ ।

(ठ)"वन क्षेत्र" भन्नाले निजी स्वामित्वको हक भोगको र प्रचलित कानूनले अन्यथा व्यवस्था गरेको वाहेकको वन सिमाना लगाइएको वा नलगाइएको वनले घेरिएको वा वनभित्र रहेको घाँसे मैदान, प्रथाजनित संस्थाले परम्परागत रूपमा व्यवस्थापन गर्दै आएको प्रथाजनित वन, नांङ्गो पहाड, बाटो, पोखरी, तालतलैया, सिमसार, नदी, खोलानाला, पारिवारिक-निजि वन, बगरले ओगटेको क्षेत्र सम्झनु पर्छ ।

(ड)“वन पैदावार” भन्नाले वनमा रहेको वा पाइएको वा वनबाट ल्याइएको काठ, दाउरा, गोल, खैरकच, खोटो, काठको तेल, बोक्रा, लाहा, पिपला, पिपली, रुख, पात, फल, फूल, मौवा, चिराइतो, च्याउँ र सबै प्रकारका जङ्गली जडीबूटी, वनस्पती तथा तीनका विभिन्न भाग वा अङ्ग वा चट्टान, माटो, ढुङ्गा, गिट्टी, बालुवा, पशुपन्छी, वन्यजन्तु र पशुपन्छी वा वन्यजन्तुको आखेटोपहार सम्झनु पर्छ ।

(ढ)“सामुदायिक वन” भन्नाले संघिय वन ऐन २०७६ बमोजिम समुदायद्धारा व्यवस्थापन गरेको वनलगायत कबुलियती वन, धार्मिक वन, परम्परागत विधिबाट संरक्षण र व्यवस्थापन गर्दै आएको वन र अन्य समुदायमा आधारित वनसमेतलाई सम्झनु पर्छ ।

(ण)  “पारिवारिक निजी वन” भन्नाले आफ्नो स्वामित्वमा रहेको जग्गामा पारिवारिक तथा निजी स्वामित्वको जग्गामा पारिवारिक तथा निजी तवरले संरक्षण र व्यवस्थापन गर्दै आएको वनलाई सम्झनु पर्छ ।

(त)“परम्परागत उपभोक्ता, जीवन पद्धति” भन्नाले जीवनयापनको लागि परापूर्वकालदेखि स्थानीय रीतिरिवाज, संस्कृति, मौलिक परम्परा, अनुसार पेशा र अभ्यासको आधारमा निश्चित वनक्षेत्र उपभोग गर्दै आएका समुदायलाई सम्झनुपर्दछ ।

(थ)“परम्परागत जीवन पद्धति” भन्नाले परापूर्व कालदेखि मौलिक परम्परा, पेशा र अभ्यासको आधारमा जीवनयापन गर्ने मौलिक जीवनशैली वा अभ्यासलाई सम्झनु पर्दछ ।

(द)“सामुदायिक वनको स्वामित्व” भन्नाले वनको हैसियत नखस्किने गरी संरक्षण, व्यवस्थापन र लाभ प्राप्त गर्ने गरी समुदायले प्राप्त गर्नेवनमाथिको समुदायको सामूहिक स्वामित्वलाई जनाउने छ ।

(ध)“सामुदायिक वन उपभोक्ता समुह” भन्नाले सामुदायिक वनको संरक्षण, व्यवस्थापन, भोगचलन र प्रयोगको लागि सम्बन्धित वनक्षेत्रबाट आश्रित एवं लाभान्वित आदिवासी जनजाति, महिला, दलित,

अल्पसंख्यक लगायतका स्थानीय समुदायमा बसोबास गर्ने सम्पूर्ण वर्ग, लिङ्ग, जाति र घरधुरीको अनिवार्य प्रतिनिधित्व हुने गरी गठनहुने उपभोक्ता समुहलाई सम्झनु पर्छ ।

(न)"सामुदायिक वन उपभोक्ता समिति" भन्नाले समुदायिक वनउपभोक्ता समुहको साधारण सभाले चयन गरेको कार्य समितिलाईजनाउने छ

(प)"वनश्रोत" भन्नाले कुनैपनि व्यवहारिक, व्यावसायीक, सामाजिक, धार्मिक, मनोरञ्जन, शैक्षिक, निर्वाहमुखी, वा सामुदायिक वनमा रहेको वनस्पति, जीव, र अन्य सुक्ष्म जीवहरू लगायत माथि तोकिएको वन क्षेत्रमा रहेको अन्य सम्भावित मानविय प्रयोगमा आउने वनश्रोत समेतलाई जनाउने छ ।

(फ)"उद्योग" भन्नाले यस ऐन बमोजिम बन वा वन पैदावारमा आधारित उत्पादनमुलक व्यवसाय भन्ने सम्झनुपर्दछ |

(ब)"सम्बन्धित अधिकारी" भन्नाले यस ऐन र प्रचलित कानून बमोजिम कर्तव्य निर्वाह गर्ने अख्तियारप्राप्त अधिकारी सम्झनु पर्दछ ।

(भ)"तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमहरूमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(म) "वातावरणीय सेवा" भन्नाले वन क्षेत्रको पारिस्थितिकीय प्रणालीबाट प्राप्त हुनेदेहाय बमोजिमको सेवा र सोबाट प्राप्त हुने लाभलाई जनाउँछ ।

(क) कार्वन सेवा

(ख) जैविक विविधताको संरक्षण

(ग) जलाधार तथा जलचक्र प्रणाली

(घ) पर्यापर्यटन

(ङ) वातावरणीय सेवा प्रदान गर्ने अन्य वस्तु, सेवा वा लाभ

(य) "चिडियाखाना" भन्नाले संरक्षण शिक्षा, मनोरन्जन, प्रजनन्, वंशाणु श्रोत संरक्षण, अध्ययन अनुसन्धान गर्ने उद्देश्यले जीवजन्तुको परस्थानमा प्रदर्शनीमा राखी व्यवस्थापन गरिएको स्थानलाई सम्झनु पर्छ ।

(र) "जैविक मार्ग" भन्नाले वन्यजन्तुहरु एक वासस्थानबाट अर्को वासस्थानमा आवत जावत गर्ने क्षेत्र वा वन जंगल वा वन क्षेत्रलाई सम्झनु पर्छ ।

(ल)"टाँचा भन्नाले काठ वा खडा रुखमा लगाइने छाप, चिन्ह् वा निशानालाई सम्झनु पर्छ ।

(व) "वन कार्यालय" भन्नाले प्रदेश सरकार मातहत रहेका वन कार्यालयहरुलाई सम्झनु पर्छ ।

(श) "राष्ट्रिय वन" भन्नाले निजी वन बाहेक वन सिमाना लगाइएका वन नलगाइएका सबै वनलाई जनाउँदछ र सो शब्दले वनले घेरिएको वा वनसँग जोडिएको वा वनको छेउछाउँमा रहेको पर्ती, वा ऐलानी जग्गा तथा वन भित्र रहेको बाटो, पोखरी, ताल वा खोलानाला र बगर समेतलाई सम्झनु पर्छ ।

(ष) "वन पैदावार" भन्नाले वनमा रहेको वा पाइएको वा वनबाट ल्याइएका देहायका वन पैदावारलाई सम्झनु पर्छ ।

(१) काठ, दाउरा, गोल, खैरकच, खोटो, काठको तेल, बोक्रा, लाहा, पिपला, पिपली वा

(२) रुख, पात, फल, फूल, मौवा, चिराइतो, कुटकी र सबै प्रकारका जंगली जडीवुटी, वनस्पती तथा तिनका विभिन्न भाग वा अङ्ग

(३) चट्टान, माटो, ढुङ्गा गिट्टी, बालुवा

(४) पशुपन्छी, वन्यजन्तु र पशुपन्छी वा वन्यजन्तुको आखेटोपहार

(स) "वन सिमाना चिन्ह" भन्नाले राष्ट्रिय वनको सिमाना छुट्टयाउन लगाइएको काठ, ढुङ्गा, सिमेन्ट वा अरु कुनै वस्तुको खम्वा वा चिन्हपटलाई जनाउँदछ र सो शव्दले प्रचलित कानून बमोजिम जग्गा नापजाँच गरी तयार गरेको नक्सामा अङ्कित वन सिमाना चिन्ह् समेतलाई जनाउनेछ ।

(ह) "व्यवस्थापन" योजना भन्नाले वातावरणीय सन्तुलत कायम राखी वनको विकास, संरक्षण तथा वन पैदावारको उपयोग र बिक्री वितरण गर्न तयार गरिएको र यस ऐन बमोजिम स्वीकृत वनसम्वन्धी कार्य योजना सम्झनु पर्दछ ।

(क्ष) "कार्यपालिका" भन्नाले सानीभेरी गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(त्र)"अध्यक्ष" भन्नाले सानीभेरी गाँउपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ज्ञ) "आदिवासी जनजाति" भन्नाले आदिवासी जनजाति उत्थान प्रतिष्ठान ऐन २०५८ ले परिभाषित गरेको समुदायलाई जनाउँछ ।

(कक) "विपन्न वर्ग भन्नाले" आर्थिक, सामाजिक, भौतिक, मानवीय र प्राकृतिक स्रोत साधनमा पहुंच तथा नियन्त्रणको आधारमा पछाडि परेका वा पारिएका उपभोक्ताहरू सम्झनु पर्दछ ।

(खख) "वञ्चित वर्ग भन्नाले" विकास निर्माणका अवसरमा समावेश हुनु नसकेको तथा स्रोत साधनमा पहुचँ नभएका या कम पहुचँ भएका उपभोक्ताहरूलाई सम्झनु पर्दछ ।

गग) "सामुदायिक वन" भन्नाले सामुहिक हितको लागि वनको विकास संरक्षण र उपयोग गर्न उपभोक्ता समुहलाइ सुम्पीएको राष्ट्रीय वन सम्झनु पर्छ ।

(घघ) "प्रथाजनित व्यवस्थित वन भन्नाले" स्थानिय समुदाय तथा आदिवासी जनजातिहरुद्धारा परापूर्वकाल देखि प्रथाजनित कानुन र अभ्यासका आधारमा गर्दै आएको वनलाई सम्झनु पर्छ ।

(ङङ) "उद्योग" भन्नाले यस ऐन बमोजिम बन वा वन पैदावारमा आधारित उत्पादनमुलक व्यवसाय भन्ने सम्झनुपर्दछ ।

(चच) "परामपरागत संस्था" भन्नाले आदिवासी जनजाति तथा स्थानीय समुदायले आफ्नो क्षेत्रको वन लगायतका प्राकृतिक श्रोत र यस सम्बद्ध सामाजिक, सांकृतिक, भौगोलिक अभ्यासको संरक्षण र

सदुपयोग समेतको उद्धेश्यले स्थापना र सञ्चालन गर्दै आएका औपचारिक वा अनौपचरिक परम्परगत संथालाई सम्झनु पर्छ ।

(छछ) “न्यायिक समिति र प्रमुख” भन्नाले यस गाउँपालिकाको न्यायिक समिति र न्यायिक समितिको प्रमुख लाई सम्झनु पर्छ ।

(जज) “अधिकृत” भन्नाले यस गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

## परिच्छेद २

## वनको सीमा निर्धारण सम्बन्धी व्यवस्था

**३. वनको सीमा निर्धारण** : (१) वन सम्बन्धी संघीय कानून बमोजिम अधिकार प्राप्त वन कार्यालयको वन अधिकृतले यस गाउँपालिका र सामुदायिक वन उपभोक्ता समूहहरुसँग समन्वय गरी राष्ट्रिय वनको सिमाना निर्धारण गरी वन सिमाना चिन्ह लगाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम वन सिमाना निर्धारण गरी तयार गरिएको नक्शाको प्रमाणित प्रतिलिपि गाउँपालिकामा समेत राख्नु पर्नेछ ।

**४. वन सिमानाका लागि जग्गा प्राप्त गर्न सक्ने** :(१) दफा ३ बमोजिम वनको सिमाना कायम गर्दा वन संरक्षणको लागि आवश्यक भएमा वनको सिमानासँग जोडिएका सार्वजनिक जग्गा वा निजी जग्गा वा त्यस्तो जग्गामा रहेका कुनै भौतिक संरचनाहरु समेत संघीय कानून बमोजिम वनको सिमाना भित्र पारी वन सिमाना कायम गर्न सकिने छ ।

(२) उपदफा (१) बमोजिम घर जग्गा समेत वन सिमाना भित्र पार्नु पर्ने भएमा घर जग्गा प्राप्ति र सोको क्षतिपूर्ति सम्बन्धी व्यवस्था वनसम्बन्धी संघीय कानून बमोजिम हुनेछ ।

(३) वन सिमानाभित्र परेको निजी जग्गाको लगत कट्टा गर्ने व्यवस्था वनसम्बन्धी संघीय कानून बमोजिम हुनेछ ।

४) राष्ट्रिय वनमा परेको निजी जग्गाको लगत कट्टा गरिएमा प्रदेश सरकारको वनसम्बन्धी कार्यालय र मालपोत कार्यालयले सोको जानकारी यस सानीभेरी गाउँपालिकाको कार्यपालिका समक्ष दिनुपर्नेछ र यस सानीभेरी गाउँपालिकाले सोही बमोजिम निजी जग्गाको भूमी करसम्बन्धी लगत कट्टा गर्नु पर्नेछ ।

**५. वनसम्बन्धी भू—स्वामित्व** : (१) यस सानीभेरी गाउँपालिकाको क्षेत्र भित्र रहेको वनमाथिको भू—स्वामित्व सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) यस सानीभेरी गाउँपालिकाको क्षेत्र भित्र रहेका सार्वजनिक जग्गाहरुमाथिको भू—स्वामित्व यसै सानीभेरी गाउँपालिकामा निहित रहने छ ।

(ख) यस सानीभेरी गाउँपालिकामा राष्ट्रिय वनको रुपमा रहेका वनक्षेत्रका जग्गामाथिको भू—स्वामित्व वन सम्बन्धी प्रचलित संघीय कानून बमोजिम नेपाल सरकारमा रहनेछ ।

(ग) सामुदायिक वन लगायतका समुदायमा आधारित वन क्षेत्रका जग्गाहरु सामुदायिक जग्गाको रुपमा रहने छन् ।

(घ) परम्परागत रुपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आइरहको राष्ट्रिय वनको कुनै भाग तोकिय बमोजिम सामुदायिक वनको रुपमा स्वामित्व प्राप्त गर्ने र त्यस्तो वनको दिगो व्यवस्थापन र नियन्त्रण गर्ने अधिकार समुदायलाई हुनेछ ।

(२) प्रथाजनित रुपमा संरक्षण र व्यवस्थापन हुँदै आएका वनहरुमा परम्परागत रुपमा स्थापित सम्बन्धित प्रथाजनित संस्थाको अधिकार रहनेछ ।

(३) नेपाल सरकारले यस सानीभेरी गाउँपालिकामा रहेको राष्ट्रिय वन क्षेत्रको भू—उपयोग परिवर्तन, भोगाधिकार प्रदान वा अन्य कुनै किसिमले कसैलाई हक हस्तान्तरण गर्ने निर्णय गर्नुपूर्व यस सानीभेरी गाउँपालिकाको कार्यपालिका, सम्बन्धित वन उपभोक्ता समूह र कुनै स्थानमा प्रथाजनित संस्था भएमा सोको समेत सहमति लिनु पर्नेछ ।

**६. <u>वन क्षेत्रको जग्गा निजी दर्ता गर्न नहुने</u>** : (१) वन सिमाना कायम भएको राष्ट्रिय वनभित्रको जग्गा कसैले पनि दर्ता गर्न गराउन वा हक प्राप्त गर्न पाइने छैन र कसैले वन क्षेत्रको जग्गा निजी दर्ता गरे गराएको भएमा स्वतः बदर हुनेछ ।

(२) वन क्षेत्रको जग्गा दर्ता बदर र लगत कट्टा सम्बन्धी व्यवस्था वनसम्बन्धी संघीय कानून बमोजिम हुनेछ ।

**७. <u>वन व्यवस्थापन प्रणाली</u>** : (१) यस सानीभेरी गाउँपालिकामा रहेको राष्ट्रिय वनलाई सामुदायिक वन र आवश्यकता अनुसार समुदायमा आधारित अन्य वन वा प्रथाजनित वनको रुपमा व्यवस्थापन गरिनेछ ।

(२) विभिन्न किसिमका वन व्यवस्थापन प्रणालीहरु मध्ये सामुदायिक वन व्यवस्थापन प्रणालीलाई प्राथमिकता दिनु पर्नेछ ।

(३) यस सानीभेरी गाउँपालिकाको सार्वजनिक जग्गामा रहेको वनलाई सामुदायिक वनको रुपमा विकास र व्यवस्थापन गर्न सकिनेछ र उपभोक्ता समूहले सार्वजनिक जग्गामा रहेको वन व्यवस्थापन नगरेमा सानीभेरी गाउँपालिकाआफैले वा कुनै संघ संस्थाका माध्यमाबाट व्यवस्थापन गर्न गराउन सक्नेछ ।

## परिच्छेद-३

## सामुदायिक वनको स्वामित्व, वन अधिकार र दायित्व

**८. सामुदायिक वनको रूपमा स्वामित्व प्राप्त गर्नेः**

(१) परम्परागत रूपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आईरहेको राष्ट्रिय वनको कुनै भाग तोकिए बमोजिम सामुदायिक वन तथा प्रथाजनित वनको रूपमा स्वामित्व प्राप्त गर्ने र त्यस्तो वनको दिगो वन व्यवस्थापन नियन्त्रण गर्ने अधिकार स्थानीय समुदाय र आदिवासी जनजातिहरुलाई हुनेछ ।

२) उपदफा (१) बमोजिमको वन क्षेत्र स्थानीय र आदिवासी जनजाति समुदायको पूर्व सूसुचित मञ्जुरी बिना सामुदायिक वन वा अन्य कुनै प्रयोजनको लागि स्थानीय सरकारले अन्य व्यक्ति, कम्पनी वा समुदायलाई दिन पाईने छैन ।

(३) उपदफा (१) बमोजिमको वन क्षेत्रमा सार्वजनिक हितको लागि स्थानीय समुदायको हितमा असर नपर्ने गरी स्थानीय समुदाय वा सामुदायिक वन उपभोक्ता समूह को पूर्व स्विकृतिमा स्थानीय सरकारले प्रयोगमा ल्याउन उपदफा (२) को व्यवस्थाले कुनै वाधा पुगेको मानिने छैन ।

(४) उपदफा (३) बमोजिम सामुदायिक वनलाई अन्य प्रयोजनको लागि प्रयोगमा ल्याउँदा सम्बन्धित समुदायलाई पर्न गएको सामाजिक, आर्थिक, सास्कृतिक, भौतिक, जैविक विविधताको क्षति मूल्यांकन गरी उचित क्षतिपूर्ति दिनु पर्नेछ ।

**९. सामुदायिक वनमा उपभोक्ताको अधिकारः** (१) सामुदायिक वनमा समुदायिक रूपमा स्थानीय समुदायले देहाय बमोजिमका वन सम्बन्धी अधिकारहरू प्राप्त गर्नेछन् ।

(क) स्थानीय समुदाय एक आपसमा भेला भई आफ्नो क्षेत्रको वनको दीगो व्यवस्थापन जैविक विविधताको संरक्षण, संम्बद्धन र उपयोग गर्नकालागि सामुदायिक वन व्यवस्थापन समूह गठन गर्ने,

(ख) सामुदायिक वनक्षेत्रमा रहेको प्राकृतिक श्रोत साधनको विकास,संरक्षण, व्यवस्थापन, नियन्त्रण र उपयोग गर्ने,

(ग) वनक्षेत्रमा रहेको खानेपानी तथा सिंचाईको मुहान, वनपैदावारहरू प्राप्त तथा उपभोग गर्ने, समुदायले नियम बनाई तोकेकोमा बाहेक विना अवरोध वनक्षेत्रमा आवत जावत गर्ने, वन क्षेत्रमा व्यवस्थित पशुचरण गर्ने,

(घ) सामुदायिक वनबाट आधारभूत आवश्यकता पुरा गरि बढी भएका वन पैदावारको स्वतन्त्र रूपमा मूल्य निर्धारण सहित बिक्री वितरण गर्ने,

(ङ) सामुदायिक वनक्षेत्र भित्रको खोला, पानीको मुहान, कार्बन संचितिकरण तथा भण्डारण लगायत वातावरणीय सेवा बापतको लाभ प्राप्त गर्ने,

(च) वनश्रोतको उपयोगबाट स्थानीय समुदायको सामाजिक, सांस्कृतिकर आर्थिक आवश्यकताको पूर्ति गर्ने, गरिबी निवारणमा टेवापुऱ्याउने र सामुदायिक विकास गर्ने,

(छ) वनक्षेत्र भित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको संरक्षण, व्यवस्थापन र सदुपयोग गर्ने,

(ज) सामुदायिक वनलाई निरन्तर रूपमा सामुदायिक वनकै रूपमासंरक्षण, व्यवस्थापन र निरन्तरता दिन पाउने,

(झ) सामुदायिक वनको दिगो व्यवस्थापनको लागि सामुदायिक वन उपभोक्ता समुह, सामुदायिक वन उपभोक्ता समिति र आवश्यकता अनुसारको उपसमितिहरू गठनगर्ने तथा कार्यविधि वनाई काम गर्न सक्ने,

(ञ) सामुदायिक वन दिगो व्यवस्थापनको लागि आवश्यक कार्ययोजना वनाई लागू गर्ने र गराउने,

(ट)वन व्यवस्थापन र अन्य कार्यहरूबाट प्राप्त हुने लाभ र त्यस्तो लाभ वनको विकास, गरिबी न्यूनीकरण, महिला, आदिवासी जनजाति, दलित, अपांग समुदाय, अल्पसंख्यक लगायतका आर्थिक सामाजिक रूपमा पछाडि पारिएका समुदायको क्षमता विकास, युवा तथा बालबालिकाको उत्थान, स्थानीय सामुदायिक तथा सांस्कृतिक विकास आदिमा बाँडफाड र प्रयोग गर्ने,

तर, स्थानीय समुदायको निर्णयले त्यस्तो लाभ सामुदायिक वन व्यवस्थापन समूहहरू, प्रथाजनित वा व्यवस्थापक आदिवासी जनजातिहरु, सामुदायिक वन उपभोक्ता महासंघ र निजी वनको संस्थागत तथा पैरवी क्षमता अभिबृद्धिमा लगानी गर्न सक्नेछन् ।

ठ) वन व्यवस्थापनका लागि स्थानीय सरकार, प्रादेशीक सरकार र संघीय सरकारको समन्वय र सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने,

(ड) उपभोक्ता समूहले आवश्यकता अनुसार स्वतन्त्र रुपले सरकारी, गैरसरकारी, निजी क्षेत्र र विज्ञहरूबाट सेवा र अनुदान लिन सक्ने,

(ढ) वनको व्यवस्थापन, संरक्षण र समुदायको सामुदायिक लाभ र जीविकोपार्जनमा सहयोग पुऱ्याउने कार्यको लागि सामुदायिक वन क्षेत्र वा सामुदायिक वनको दर्ता प्रमाणपत्र, वन पैदावर, वनश्रोत, वन कार्ययोजना, उपभोक्ताले वनमा उत्पादन गरेको उत्पादन, वनमा आधारित उपभोक्ता समुहले संचालन गरेको उद्योग आदिलाई बैंक वा वित्तिय संस्थामा धितो सुरक्षण राखी आवश्यक ऋण लिईदीगो वन व्यवस्थापन र वन उद्यम विकास गर्ने,

(ण) वनसंग सम्बन्धित परम्परागत पेशा, अभ्यास, अनुभव, ज्ञान, सीप,दक्षताहरूको पहिचान गरी संरक्षण, आधुनिकीकरण, औद्योगिकीरण रबजारीकरणका लागि चाहिने वन पैदावरजन्य कच्चा पदार्थहरू स्वतन्त्रतापूर्वक प्राप्त गर्ने र उत्पादित बस्तुलाई उपभोग गर्ने रबजारमा बिक्रि बितरण गरी लाभ प्राप्त गर्ने,

(त) वनमा आधारित उद्योग आदिलाई बैंक वा वित्तिय संस्थामा धितो सुरक्षण राखी उपभोक्ता समुहले ऋण लिई दिगो वन व्यवस्थापन र वन उद्यम विकास गर्ने ,

(थ) वनलाई समय सापेक्षित रूपमा स्थानीय समुदायको जीविकोपार्जनमा टेवा पुऱ्याउने पर्यावरण, कृषि वन, पशुपालन, वन्यजन्तु पालन, जडिबुटी, उद्यम, चिडियाखाना जस्ता वन उद्यम सम्बन्धी कृयाकलापहरू संचालन गरी लाभ प्राप्त गर्ने,

(द) वनको दीगो व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्वमा वृद्धि गर्दै सामुदायिक वनक्षेत्रमा काठ र गैर काठजन्य वनपैदावारको उत्पादन गर्ने, वन पैदावारको अधिकतम उपयोगबाट साना, मझौला तथा ठुला खाले उद्यम समुदाय आफैले वा तेस्रो पक्षसंग सम्झौता गरीसंचालन गर्न सक्नेछ र त्यस्तो उद्यमले वनको दिगो संरक्षण रव्यवस्थापनको साथै स्थानीय समुदायको आर्थिक उन्नतीमा टेवापुऱ्याउने,

(ध) सामुदायिक वनश्रोतको शुल्क निर्धारण गरी असुल उपर गर्ने, शुल्क छुट वा मिनाहा दिने,

(न) वनको हैसियतमा नकारात्मक असर नपुग्ने गरि वनश्रोतकोपूर्णरूपमा व्यवस्थापन, नियन्त्रण र उपयोग गर्ने एवं वन उद्यमविकास गर्ने र त्यस्तो निर्णय लिने,

(प) वनको भौगोलीक बनौट, भिरालोपन र माटोको किसिम अनुसार वन कार्ययोजनामा तोकिए बमोजिम वन सम्वर्धन (गोडमेल, हाँगा काँटछाट, झाडी सफाइ, पतल्याउने र रुख कटान आदि) पद्धति अपनाई वन विकास र संरक्षण गर्ने,

(फ) सामुदायिक वनको दिगो व्यवस्थापनबाट उपलब्ध हुने जलाधार एवंजैविक विविधता संरक्षण, भुदृश्य—सौन्दर्य तथा कार्वन—संचिति जस्ता वातावरणीय सेवाहरूको संभावनाको खोजी गरी वातावरणीय सेवासुविधाको उपयोग गरेर आय—आर्जनको अवधारणालाई अगाडिबढाउने,

(ब) कार्बन सञ्चिती, जैविक विविधताको संरक्षण, जलचक्र प्रणाली, पर्यापर्यटन जस्ता वन क्षेत्रको पारिस्थितिकीय प्रणालीबाट प्राप्त हुने वातावरणीय सेवाबाट लाभ प्राप्त गर्ने,

(भ) सामुदायिक वनक्षेत्रमा रहेको खानेपानीको मुहान, खानी, सिंचाईगर्ने खोला वा ताल वा पोखरी आदिको मुहान, ढुङ्गा, रोडा, बालुवा, माटो लगायतका प्राकृतिक श्रोत साधनको दिगो वन व्यवस्थापन कार्ययोजना मुताविक वन वातावरणमा प्रतिकुल असर नपर्ने गरी बिक्रिवितरण, उपयोग, उपभोग, श्रोत प्रयोग बापतको दस्तुर लिने,

(म) प्रथाजनित वनमा स्थानिय समुदाय र आदिवासी जनजाति समुदायले प्रथाजनित रुपमा दिगो संरक्षण र व्यवस्थापन गर्दै आइरहेको वनबाट वनपैदावार प्रथाजनित कानुन र अभ्यास बमोजिम परापूर्व काल देखि गर्दे आइरहेको व्यवस्था अनुरुपनै पाउने छ ।

**१०. वन क्षेत्रमा विकास आयोजना सञ्चालनः**

(१) वन क्षेत्रमा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना वा राष्ट्रिय गौरवको योजना सञ्चालन गर्ने, क्षतिपूर्ति प्रदान गर्ने र वन क्षेत्रको पूनरस्थापना गर्ने सम्बन्धी व्यवस्थाहरु वनसम्बन्धी प्रचलित संघीय कानून बमोजिम हुनेछ ।

२) राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना वा राष्ट्रिय गौरवको योजना बाहेक अन्य आयोजनाका लागि वन क्षेत्रको प्रयोग गर्न पाइने छैन । तर यस सानीभेरी गाउँपालिकाले आफ्ना स्थानीय विकास आयोजनाको लागि वन क्षेत्र प्रयोग गर्नुपर्ने भएमा प्रभावित स्थानीय समुदायसँगको सहमतिमा वनसम्बन्धी प्रचलित संघीय कानून बमोजिमको प्रक्रिया अवलम्बन गरी नेपाल सरकारको स्वीकृती लिई निश्चित् वन क्षेत्र प्रयो गर्न सक्नेछ ।

३) यस सानीभेरी गाउँपालिकामा नक्शामा वन क्षेत्रको रुपमा रहेको तर वन कायम नरही विभिन्न किसिमका सार्वजनिक प्रयोजनका लागि उक्त वन क्षेत्रको जग्गा उपयोग भइरेको अवस्था रहेमा उक्त वन क्षेत्रको जग्गालाई सोही सार्वजनिक प्रयोजनका लागि उपयोग गरी सो वन क्षेत्रको जग्गा बरावर उपयुक्त जग्गामा वन क्षेत्रको विकास गर्न सकिनेछ ।

**११.वन क्षेत्र प्रयोग गर्दा क्षतिपूर्ति दिनुपर्ने** : (१) कुनै पनि प्रयोजनका लागि सामुदायिक वन क्षेत्र स्थानीय समुदायको पूर्व सूसुचित मञ्जुरी बिना वन स्थानीय सरकारले अन्य ब्यक्ति, कम्पनी वा समुदायलाइ प्रयोग गर्न दिनु हुदैन अन्यथा सोबाट प्रभावित हुने उपभोक्ता समूह र प्रथाजनित संस्थाहरुसँग पूर्वसूचित सहमति लिनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम ।वन क्षेत्र प्रयोग गर्दा कुनै प्रभाव पर्ने भएमा सम्बन्धित उपभोक्ता समूह र अन्य प्रभावित समुदायलाई प्रचलित कानून बमोजिम क्षतिपूर्ति उपलब्ध गराउनु पर्नेछ ।

३) राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, राष्ट्रिय गौरवका आयोजना र अन्य कुनै पनि विकास आयोजनाले वन क्षेत्र प्रयोग गर्ने क्रममा प्राप्त भएका वन पैदावार सम्बन्धित उपभोक्ता समूहलाई उपलब्ध गराई उक्त वन पैदावार कटान, संकलन, ओसार पसार र घाटगद्धी गर्दा लाग्ने खर्च सम्बन्धित विकास आयोजनाले व्यहोर्नु पर्नेछ ।

**१२. सामुदायिक वन उपभोक्ता समुहको सदस्यको हैसियतले प्रत्येक घरधुरी मार्फत व्यक्तिगत रूपमा प्राप्त गर्ने अधिकारहरू**

(क) सामुदायिक वनक्षेत्रमा रहेको प्राकृतिक श्रोत साधनको विकास, संरक्षण, उपयोग र व्यवस्थापन गर्ने कार्यमा सहभागि हुने,

(ख) वनक्षेत्रमा रहेको प्राकृतिक श्रोत साधन र वनपैदावारहरू तोकिए बमोजिम प्राप्त गर्ने,

(ग) सामुदायिक वन उपभोक्ता समुहमा सहभागी हुने र नेतृत्व लिने एवं निर्णय प्रकृयामा भाग लिने,

(घ) सामुदायिक वनबाट प्राप्त लाभको हिस्सा प्राप्त गर्ने,

(ङ) वन क्षेत्रभित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको संरक्षण, उपभोग र व्यवस्थापनमा भाग लिने,

(३) उपदफा (२) मा उल्लेखित अधिकारको अतिरिक्त वनउपभोक्ता समुहभित्रका आर्थिक सामाजिक दृष्टिले पछाडि परेका महिला, आदिवासी जनजाति, अल्पसंख्यक, सिमान्तकृत, दलित समुदायलेसामुदायिक वनबाट देहायका थप अधिकारहरू प्राप्त गर्नेछन

(क) कुनै विशिष्ट जाती वा समुदायसंग मात्र सम्बन्धित वा त्यस्तोसमुदायको परम्परागत ज्ञान, सीप, पेशा र जीविकोपार्जनकोसीपसंग सम्बन्धीत प्राकृतिक श्रोत साधन वा वनपैदवारहरू माथिप्राथमिकता प्राप्त गर्ने,

(ख) सामुदायिक वनको संरक्षण र उपभोग गरि परम्परागत ज्ञान, सीप, पेशा र जीवनशैलीको अभ्यास र निरन्तरता दिने,

(ग) परम्परागत औषधी उपचार (आम्ची) पद्धति लगायत परम्परागतज्ञान, सीप लगायतका बौद्धिक सम्पत्तिको संरक्षण र
निरन्तरतादिने,

(घ) वनक्षेत्र भित्र प्रचलित कानूनबाट निषेध नगरिएका परम्परागत ज्ञान, सीप, पेशा र जीवनशैलीसंग सम्बन्धीत अभ्यासहरूको निरन्तरतादिने,

(ङ) सामुदायिक वनको संरक्षण र व्यवस्थापनमा स्थानीय आदिवासीजनजातिको परम्परागत अभ्यास र प्रथाजनित कानूनको सम्मानप्राप्त गर्ने ।

(४) सामुदायिक वन संरक्षण तथा व्यवस्थापनमा नियमित रूपमासहभागी हुन नसक्ने टाँढाका उपभोक्ताहरूलाई उनीहरूले वन संरक्षणमापुऱ्याउने योगदान र वनश्रोतको उपयोगको आधारमा वर्गीकरण गरीसामुदायिक वनबाट देहाय बमोजिमका अधिकारहरू प्रात हुनेछन् ।

(क) सामुदायिक वनबाट वनपैदावार सहुलियत दरमा प्राप्त गर्ने,

(ख) सामुदायिक वनबाट प्राप्त लाभ तोकिए बमोजिम प्राप्त गर्ने,

(ग) वन क्षेत्रभित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक
सम्पदाहरूकोउपभोग गर्न पाउने,

(५) उपदफा (१),(२),(३),(४) को अतिरिक्त स्थानीय परिवेशअनुसार कुनै बिशिष्ट अधिकार कुनै बिशेष समुदाय,बर्ग वा जातिलाई दिनुपर्ने देखिएमा त्यस्तो अधिकारको सूचि वनउपभोक्ता समूहको आमभेलाबाट पारित गरि स्थानीय सरकारसमक्ष पेश गर्नु पर्नेछ । स्थानीय सरकारले त्यस्तो अधिकारको सूची मनासिव देखिएमा वा आवश्यक थपघटगरी स्वीकृत गर्नेछ ।

**१३.<u>वन क्षेत्रमा पर्ने नदीजन्य खनिज पदार्थको प्रयोगः</u>**

(१) यस सानीभेरी गाउँपालिका अन्तर्गतको राष्ट्रिय वन क्षेत्रमा पर्ने नदीजन्य साधारण निर्माणमूखी खनिज पदार्थको संकलन तथा प्रशोधनसम्बन्धी कार्य गर्दा वातावरण संरक्षणसम्बन्धी प्रचलित संघीय कानून बमोजिमको प्रक्रिया अवलम्बन गरी यस सानीभेरी गाउँपालिकाले निर्धारण गरे बमोजिमको नदीजन्य साधारण निर्माणमूखी खनिज पदार्थको मूल्य र स्थानीय कर भुक्तानी गरे पश्चात् मात्र उत्खनन् गर्न पाइनेछ ।

२) राष्ट्रिय वन क्षेत्रमा पर्ने नदीजन्य साधारण निर्माणमूखी खनिज पदार्थको संकलन तथा प्रशोधन गर्दा नेपाल सरकार र प्रदेश सरकारको
प्रचलित मापदण्डहरुका साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम यस सानीभेरी गाउँपालिकाले तर्जुमा गरेका मापदण्डहरुको समेत पालना गर्नुपर्नेछ।

३) सामुदायिक वन क्षेत्रमा पर्ने नदीजन्य साधारण निर्माणमूखी खनिज पदार्थ संकलन गर्दा सम्बन्धित उपभोक्ता समूहको समेत पूर्वसहमति
लिनु पर्नेछ ।

४) राष्ट्रिय वन क्षेत्रमा नदीजन्य साधारण निर्माणमूखी खनिज पदार्थ बाहेक अन्य खनिज पदार्थको सर्वेक्षण तथा उत्खनन् गर्दा खानी तथा खानिज पदार्थ,वन र वातावरण संरक्षणसम्बन्धी प्रचलित संघीय कानून बमोजिम गर्नुपर्नेछ ।

५) यस सानीभेरी गाउँपालिकाले राष्ट्रिय वन क्षेत्रमा पर्ने नदीजन्य साधारण निर्माणमूखी खनिज पदार्थको विक्री वितरणबाट प्राप्त रकममध्ये कम्तिमा २५ प्रतिशत रकम सम्बन्धित वन उपभोक्ता समूह मार्फत प्रभावित क्षेत्रको वन तथा वातावरण संरक्षणमा खर्च गर्नुपर्नेछ ।

६) सामुदायिक वन क्षेत्रमा रहेको नदीजन्य साधारण निर्माणमूखी खनिज पदार्थ उत्खनन् गर्नुपर्ने भएमा उपभोक्ता समूहको वन व्यवस्थापन कार्ययोजनामा व्यवस्था गरी सम्बन्धित उपभोक्ता समूहले त्यस्तो खनिज पदार्थ विक्री गर्न सक्नेछ ।

**१४.<u>वन संरक्षणमा पुऱ्याउने योगदान र वनश्रोतको उपयोगको आधारमा अधिकारहरू:</u>**

(१) सामुदायिक वन संरक्षण तथा व्यवस्थापनमा नियमित रूपमा सहभागी हुन नसक्ने टाँढाका उपभोक्ताहरूलाई उनीहरूले वन संरक्षणमा पुऱ्याउने योगदान र वनश्रोतको उपयोगको आधारमा वर्गीकरण गरी सामुदायिक वनबाट देहाय बमोजिमका अधिकारहरू प्रात हुनेछन् ।

(क) सामुदायिक वनबाट वनपैदावार सहुलियत दरमा प्राप्त गर्ने,

(ख) सामुदायिक वनबाट प्राप्त लाभ न्यायोचित ढंगले तोक्ने र तोकिए बमोजिम प्राप्त गर्ने ,

(ग) वन क्षेत्रभित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको उपभोग गर्न पाउने,

**१५.<u>बिशिष्ट अधिकार</u>:** उपदफा (१) (क), (ख, (ग) को अतिरिक्त स्थानीय परिवेश अनुसार कुनै बिशिष्ट अधिकार कुनै बिशेष समुदाय, बर्ग वा जातिलाई दिनुपर्ने देखिएमा त्यस्तो अधिकारको सूचि वन उपभोक्ता समूहको आम भेलाबाट पारित गरिने छ ।

**<u>१६.वनमा आधारित उद्यम विकासः-</u>**

(१) सामुदायिक वनश्रोतको प्रयोग गरी वनपैदावारमा आधारित उद्योगहरू सामुदायिक वन उपभोक्ता समुह आफैले वा स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकार वा निजी क्षेत्रसंग सम्झौता गरी वा तेस्रो पक्षसंग सम्झौता गरी व्यवसायिक रूपमा संचालन गर्न सक्नेछ।

२) यस सानीभेरी गाउँपालिकामा रहेका विभिन्न वन पैदावारमा आधारित उद्योगहरुले सामुदायिक वन, निजी वन र अन्य विभिन्न किसिमका वनबाट प्रचलित कानूनको परिपालना गरी कच्चा पदार्थ प्राप्त गर्न सक्नेछन् ।

३) सार्वजनिक'निज'सामुदायिक साझेदारीमा पनि वन उद्यम स्थापना र सञ्चालन गर्न सकिने छ र यसका लागि यस ऐन र वनसम्बन्धी प्रचलित संघीय कानून विपरित नहुने गरी उपभोक्ता समूहले यस सानीभेरी गाउँपालिका, विभिन्न संघ संस्था वा निजी क्षेत्रसँग सम्झौता गर्न सक्नेछन् ।

४) उपभोक्ता समूहले अन्य पक्षसँग साझेदारी गरी वन उद्यम सञ्चालन गर्दा उपभोक्ता समूहहरुको कम्तिमा एकाउन्न प्रतिशत शेयर तथा लगानी भएको हुनु पर्नेछ।

५) सामुदायिक वन उपभोक्ता समूहले वन उद्यमका लागि वन पैदावारमा आधारित सहकारी संस्था स्थापना गर्न चाहेमा यस सानीभेरी गाउँपालिकाले आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

द्रष्टव्यः यस दफाको प्रयोजनाका लागि वन उद्यम बन्नाले लघु उद्यम, घरेलु उद्योग र वन सहरकारी संस्थालाई जनाउनेछ ।*

(६) उपदफा (१) बमोजिमको वनमा आधारित उद्योगले सामुदायिक वा निजी वनक्षेत्रको काठजन्य, पानीजन्य वा गैरकाठजन्य, जडिबुटीजन्य, चिडियाखाना, वन्यजन्तुको पालन, लगायत अन्य वनपैदावार वा वन्यजन्तुमा आधारित उत्पादनहरू व्यावसायीक रूपमा गर्ने र त्यस्तो उत्पादन बिक्रिबितरण गर्न सक्नेछन् ।

(७) उपदफा (१) र (२) बमोजिम तेस्रो पक्षलाई सामुदायिक उद्योग संचालन गर्नको लागि अनुमति दिँदा प्रतिस्पर्धात्मक आधारमा समुदायले प्रत्यक्षरूपमा लाभ प्राप्त गर्ने गरी दिनु पर्नेछ । यसरी उद्यम संचालन गर्नको लागि तेस्रो पक्ष छनोट गर्दा समुदाय भित्रकै व्यक्ति, कम्पनी वा संस्थालाई उच्च प्राथमिकता दिनु पर्नेछ ।

(८) वन उद्यम विकासमा परम्पराता ज्ञान सीपलाई प्राथामित्ता दिदै परम्परागत संस्था र सामुदायिक वन उपभोक्ता समूह लगायत समुदायमा आधारित वन समुदायको प्राविधिक, व्यवस्थापकीय र संस्थागत क्षमता विकासमा प्रथमिकता दिने ।

(९) स्थानीय समुदाय र आदिवासी जनजाति समुदायमा रहेको वनजन्य, जडिबुटी तथा वनस्पति उद्यम विकास सम्बन्धी परम्परागत ज्ञान, सीप र अभ्यासलाई आधुनिक विज्ञानसंग संयोजन गर्दे उन्नत प्रकारको ज्ञान, सीप र उत्पादनका लागि उपयुक्त वातावरण निर्माण गर्ने ।

(१०) वन सम्बन्धि उद्यम विकास गर्दा विपन्नमुखी आयमलूक उद्यम विकास कार्यक्रम लाई प्राथमिकता दिनु पर्ने ।

**१७.<u>सामुदायिक वनमा उपभोक्ता समुहको उत्तरदायित्वः-</u>**

(१) यस ऐन, नियमावली र सम्बन्धित तहबाट जारी गरेको निर्देशिकाको अधिनमा रहि सामुदायिक वनश्रोतको वातावरणीय रूपमा दिगो व्यवस्थापन गर्ने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

(२) यस ऐन, नियमावली र सम्बन्धित तहबाट जारी गरेको निर्देशिकाको अधिनमा रहि सामुदायिक वन व्यवस्थापन कार्ययोजना बनाउने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

(३) सामुदायिक वन व्यवस्थापनमा स्थानीय समुदायको पूर्ण (व्यक्तिगत, घरधुरी, सामुहिक, समानुपातिक समावेशी) रूपमा सहभागिता गराउने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

(४) स्थानिय समुदाय तथा आदिवासी जनजाति समुदायको परपम्परागत ज्ञान, सीप, अभ्यास आदिको संरक्षण गर्नुपर्ने ।

(५) सामुदायिक वनश्रोतको पारदर्शी, उत्तरदायी ढंगले व्यवस्थापन गर्ने सुनिश्चित गर्ने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

(६) सामुदायिक वन व्यवस्थापन कार्ययोजना अनुरुप सामुदायिक वनश्रोतको प्रभावकारी रूपमा व्यवस्थापन भए नभएको सन्दर्भमा स्थानीय सरकारमा तोकिए बमोजिम आवधिक प्रतिवेदन पेश गर्ने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

(७) समुदायबाट व्यवस्थापन गरिएको सामुदायिक वनश्रोतको आय र अन्य लाभबाट सामुदायिक वन उपभोक्ता समुहको साधारण सभा र साधारणसभाले कार्यसमितिलाई तोके बमोजिम समुदायको विकासमा योगदान गरेको छ भन्ने सुनिश्चितता दिने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

(८) दिगो वन व्यवस्थापन गरी वनपैदावारको उत्पादनमा वृद्धि ल्याउन चरिचरन, आगलागी, चोरी कटानी, अतिक्रमण आदिबाट सामुदायिक वनलाई जोगाई सामुदायिक वन संरक्षण गर्ने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

(९) सामुदायिक वनक्षेत्रको झाडी सफाई र खाली ठाउँमा वृक्षारोपण गर्ने, प्राकृतिक पुनरुत्पादनको व्यवस्थापन गर्ने, उपयुक्त वन संवर्द्धन प्रणाली (एक्ल्याउने, बाक्लो वन पत्ल्याउने, रोग लागेका तथा सुकेका रुखहरू हटाउने) जस्ता कार्य गरी वनको हैसियतमा सुधार्दै लैजाने जस्ता वन संबद्धन गर्ने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

**१८.<u>सामुदायिक वन हस्तान्तणः</u>**

(१) यस सानीभेरी गाउँपालिकामा सामुदायिक वनको रुपमा हस्तान्तरण गर्न बाँकी रहेमा वन क्षेत्रहरु पहिचान गरी सामुदायिक वनको रुपमा हस्तान्तरण गर्न प्राथमिकता दिइनेछ ।

(२) दफा ३० बमोजिम दर्ता भएको उपभोक्ता समूहको चाहना र आवश्यकताको आधारमा सामुदायिक वन व्यवस्थापनलाई दिगो र प्रभावकारी बनाउने गरी सामुदायिक वनको कार्ययोजना तयार वा संशोधन तथा परिमार्जन गर्नका लागि यस सानीभेरी गाउँपालिका र डिभिजन वन कार्यालयले आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

(३) उपभोक्ता समूहले वन व्यवस्थापन कार्ययोजना तयार वा संशोधन गर्दा उक्त कार्ययोजना यस सानीभेरी गाउँपालिकाको वन तथा वातावरण शाखामा पेश गरी प्राप्त सुझाव तथा परामर्शका आधारमा वन व्यवस्थापन कार्ययोजना तर्जुमा वा आवश्यकता अनुसार संशोधन गर्नु पर्नेछ ।

(४) उपदफा (३) को प्रयोजनका लागि वन व्यवस्थापन कार्ययोजना प्राप्त भएको मितिले बढीमा ७ दिन भित्रमा वन तथा वातावरण शाखाले आवश्यक सुझाव दिनु पर्नेछ र उक्त समयभित्र कुनै सुझाव नदिएमा सोही कुरा जनाई वन व्यवस्थापन कार्ययोजना स्वीकृतीका लागि डिभिजन वन कार्यालय समक्ष पेश गर्नुपर्नेछ ।

(५) उपभोक्ता समूहले दफा (२) र (३) बमोजिम तर्जुमा गरेको कार्ययोजना बमोजिम सामुदायिक वनको विकास, संरक्षण, उपयोग एवं व्यवस्थापन र वन पैदावारको स्वतन्त्र रुपमा मूल्य निर्धारण गरी बिक्री वितरण समेत गर्न पाउने गरी यस सानीभेरी गाउँपालिकामा रहेको राष्ट्रिय वनको कुनै भाग सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न चाहेमा वन व्यवस्थापन कार्ययोजना र यस सानीभेरी गाउँपालिकाको वन तथा वातावरण शाखाको सुझाव तथा परामर्श सहित डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम पेश भएको वन व्यवस्थापन कार्ययोजना सम्बन्धित वन अधिकृतले अध्ययन पश्चात् स्वीकृत गरी उपभोक्ता समूहलाई सामुदायिक वन हस्तान्तरण सम्बन्धी प्रमाणपत्र प्रदान गरी सोको जानकारी यस सानीभेरी गाउँपालिकालाई गराउनु पर्नेछ ।

(७) सामुदायिक वनको कार्ययोजना प्रत्येक पटक सामान्यतयाः दश वर्षका लागि तर्जुमा गर्न सकिने छ र यस सानीभेरी गाउँपालिकाको वन तथा वातावरण शाखाबाट प्राप्त सुझाव तथा परामर्श बमोजिम आवश्यकता अनुसार समय समयमा संशोधन तथा परिमार्जन गर्न सकिने छ ।

(८) उपदफा (७) बमोजिम उपभोक्ता समूहले वन व्यवस्थापन कार्ययोजनामा गरेको संशोधनले वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने देखिएमा सम्बन्धित वन अधिकृतले संशोधित कार्ययोजना प्राप्त भएको मितिले तीस दिनभित्र उपभोक्ता समूहलाई त्यस्तो संशोधित कार्ययोजना लागू नगर्न निर्देशन दिई सोको जानकारी यस सानीभेरी गाउँपालिकामा समेत दिनु पर्नेछ ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वनसम्बन्धी प्रचलित कानून बमोजिम एक पटक हस्तान्तरण भएको वन पूनःहस्तान्तरण गर्नुपर्ने छैन ।*

## १९.सामुदायिक वनमा विपन्न वर्गका लागि कबुलियती वन दिन सकिनेः

(१) सामुदायिक वन उपभोक्ता समूहले आफ्नो समूहभित्र पहिचान गरेका गरिवीको रेखामुनी रहेका विपन्न घरधुरीहरुलाई सामुहिक वा एकल रुपमा वन पैदावारमा आधारित आय आर्जनका कार्यक्रम गर्नका लागि आफ्नो सामुदायिक वनको कुनै भाग बढीमा पन्ध्र वर्षका लागि सम्झौता गरी उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कबुलियती वनको रुपमा वन क्षेत्र उपलब्ध गराउने सम्बन्धी व्यवस्थाहरु स्वीकृत वन व्यवस्थापन कार्ययोजना र उपभोक्ता समूहको कार्यसमिति एवं कबुलियती वन लिन चाहने विपन्न समूह तथा परिवार बीच हुने सम्झौतामा उल्लेख गरे बमोजिम हुनेछ ।*

## २०.गाउँ कार्यपालिकाको उत्तरदायित्वः-

(१) जैविक विविधताको सम्बन्धमा स्थानिय वा आदिवासी जनजाति समुदायको सामुहिक रुपमा रहेको परम्पारागत ज्ञान, सीप, अभ्यास आदिको पहिचान, अभिलेखीकरण तथा संरक्षण गर्ने जिम्मेवारी कार्यपालिकाको हुनेछ ।

(२) उपदफा (१) बमोजिनको परम्परागत ज्ञान, सीप, अभ्यासलाई संरक्षण र जीवन्त दिंदै भावि पुस्तामा हस्तान्तण गर्दै लानको लागि सम्वन्धित परप्परागत संस्था वा स्थानीय समुदाय संगको सहकार्यमा कार्यपालिकाले विशेष योजना बनाई कार्यन्वयण गर्ने छ ।

(३) कार्यपालिकाले उपदफा (१) बमोजिमको अभिलेखिकरण संघीय कानूनमा निर्धारण बमोजिन व्यवस्थित रुपमा राख्नु पर्नेछ ।

(४) गाउँपालिकाले आफनो क्षेत्र भित्र रहेको खुला, खर्क तथा सार्वजजिक क्षेत्रको संरक्षण, प्रवर्द्धन तथा अभिलेखीकरण गर्नु पर्ने छ ।

(५) कार्यपालिकाले आफनो क्षेत्राधिकार भित्र रहेको खुल्ला तथा सार्वजनिक क्षेत्रमा प्रचलित कानून प्रतिकूल नहुने गरी वृक्षारोपण, सम्भार र व्यस्थापन गर्न सक्नेछ।

(६) गाउँपालिका क्षेत्रभित्र रहेका जलाधारको संरक्षण गर्नु गाँउपालिका, परम्परागत संस्था, स्थानीय समुदाय, स्थानीय बासिन्दा र सम्बन्धीत निकायको कर्तब्य हुनेछ ।

(७) कार्यपालिकाले संघीय र प्रदेशको कानुन र मापदण्डको अधीनमा रही कार्यविधि बनाई स्थानीय समुदायका माध्यमबाट गाउँपालिका भित्रको जलाधार संरक्षण तथा व्यवस्थापन गर्ने छ ।

(८) आफनो क्षेत्रमा रहेको खानेपानीको मुहानको पहिचान, अभिलेखीकरण, संरक्षण तथा व्यवस्थापन गर्ने जिम्मेवारी कार्यपालिका हुनेछ ।

## २१.<u>सामुदायिक वनबाट प्राप्त लाभको बाँडफाड सम्बन्धी व्यवस्थाः-</u>

(१) सामुदायिक वन उपभोक्ता समूहले वन पैदावार विक्री वितरण गरी प्राप्त गरेको रकम मध्ये कम्तिमा पच्चिस प्रतिशत रकम सामुदायिक वनको दिगो व्यवस्थापनमा खर्च गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खर्च गरी बाँकी रहेको रकममध्येबाट कम्तिमा पचास प्रतिशत रकम यस सानीभेरी गाउँपालिकासँग समन्वय गरी गरिवी न्यूनीकरण, वन उद्यमको विकास र महिलाको आयआर्जन एवं शशक्तीकरणसम्बन्धी कार्यक्रमका लागि खर्च गर्नु पर्नेछ ।

(३) उपदफा (२) को प्रयोजनका लागि उपभोक्ता समूहले आफ्नो साधारण सभामा पेश गर्नका लागि तर्जुमा गरेको वार्षिक कायक्रमको विवरण साधारण सभा हुनुभन्दा कम्तिमा ७ दिन अगाडी यस सानीभेरी गाउँपालिकामा उपलब्ध गराउनु पर्नेछ र यस सानीभेरी गाउँपालिकाले उक्त कार्यक्रममा कुनै सुधार गर्नुपर्ने देखेमा सम्बन्धित वडा कार्यालय मार्फत उपभोक्ता समूहको वार्षिक कार्यक्रममा सुधारका लागि सुझाव दिन सक्नेछ ।

(४) उपभोक्ता समूह र यस सानीभेरी गाउँपालिकाले संयुक्त रुपमा सामुदायिक वन व्यवस्थापन, वन उद्यम विकास र महिला सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्ने गरी योजना बनाउन सकिनेछ ।

(५) स्थानीय समुदायमा गर्नुपर्ने सामुदायिक विकासका कार्यहरु गर्दा उपभोक्ता समूह र यस सानीभेरी गाउँपालिका बीच सहकार्य गरी सामुदायिक विकासका कार्यहरु गर्न सकिनेछ ।

(६) उपदफा (२) बमोजिम खर्चगरी बाँकी रहेको रकम सामुदायिक विकासका कार्यक्रम, उपभोक्ता समूहको हित हुने अन्य कार्य र उपभोक्ता समूहको प्रशासनिक कार्यमा खर्च गर्न सकिने छ । तर

प्रशासनिक कार्यका लागि उपभोक्ता समूहको वार्षिक आम्दानीको बढीमा २५ प्रतिशत रकम मात्र खर्च गर्न सकिनेछ र सो भन्दा बढी रकम प्रशासनिक कार्यका लागि खर्च गर्नुपर्ने भएमा उपभोक्ता समूहको साधारण सभाबाट सहमति लिनु पर्नेछ ।

(७) सामुदायिक वनबाट प्राप्त वन पैदावार उपयोग तथा विक्री वितरणबाट प्राप्त लाभको बाँडफाड देहाय बमोजिम गरिनेछ ।

(क) सामुदायिक वनको वन पैदावार बिक्री वितरण तथा वनश्रोतबाट प्राप्त रकम सामुदायिक वन उपभोक्ता समूहको साधारण सभाले तोके बमोजिम बाँडफाँड गर्नेछ,

(ख) बाँडफाड गर्दा विपन्न वर्ग र महिलाको विकासमा ४० प्रतिशत र सामाजिक विकास र वन विकासमा ६० प्रतिशत हुनेछ ।

## २२.<u>वन पैदावारको मूल्य निर्धारण :</u>

(१) उपभोक्ता समूहले आफ्नो स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम वन व्यवस्थापन गर्दा प्राप्त भएका वन पैदावारको साधारण सभाको निर्णय बमोजिम स्वतन्त्र रुपमा मूल्य निर्धारण गरी विक्री वितरण गर्न सक्नेछन् ।

तर उपभोक्ता समूहले आफ्नो वन पैदावार समूह बाहिर व्यवसायिक प्रयोजनका लागि विक्री गर्ने भएमा उक्त वन पैदावारको मूल्य निर्धारण गर्दा वनसम्बन्धी प्रचलित संघीय कानूनमा निर्धारित मूल्य दरमा नघट्ने गरी न्यूनतम् मूल्य कायम गर्नुपर्नेछ ।

२) उपभोक्ता समूहले उपदफा (१) बमोजिम निर्धारण गरेको वन पैदावारको मूल्य दरको विवरण यस सानीभेरी गाउँपालिका, डिभिजन वन कार्यालय र सामुदायिक वन उपभोक्ता महासंघ नेपालमा उपलब्ध गराउनु पर्नेछ ।

३) उपभोक्ता समूहले वन पैदावारको मूल्य निर्धारणका सम्बन्धमा गरेको निर्णय वा वन पैदावारको मूल्यका बारेमा यस सानीभेरी गाउँपालिकाले उपभोक्ता समूहलाई आवश्यक सुझाव दिन सक्नेछ ।

## २३.<u>सामुदायिक वनको काठ संकलन र विक्री वितरण :</u>

(१) सामुदायिक वनबाट व्यापारिक प्रयोजनका लागि विक्री वितरण गरिने काठको रुख छपान, कटान, ओसार पसार, श्रमिकहरुको पारिश्रमिक र सुरक्षा, घाटगद्दी, बोलपत्र आब्हान, विक्री, टाँचाको प्रयोग र छोडपुर्जी सम्बन्धी प्राविधिक मापदण्डहरु वनसम्बन्धी प्रचलित संघीय कानून बमोजिम हुनेछन् ।

२) उपदफा (१) बमोजिमका कार्यहरु गर्दा यस सानीभेरी गाउँपालिका वा डिभिजन वन कार्यालय वा उपभोक्ता समूहको आफ्नै प्राविधिक कर्मचारीको सहयोगका आधारमा उपभोक्ता समूहले स्थानीय परिवेश अनुसार आवश्यक कार्यविधि वा प्रक्रियाहरु अवलम्बन गर्न सक्नेछन् ।

**२४.<u>वन पैदावार विक्री वितरणको वार्षिक योजना जानकारी गराउने:</u>**

उपभोक्ता समूहले स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम संकलन हुने वन पैदावारको उपयोग तथा विक्री सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई सोको एक प्रति यस सानिभीरी गाउँपालिकामा जानकारीका लागि उपलब्ध गराउनु पर्नेछ ।

**२५.<u>वन पैदावार विक्री शुल्क:</u>** सामुदायिक वन उपभोक्ता समूहले समूह बाहिर व्यावसायिक प्रयोजनका लागि वन पैदावार विक्री वापत प्राप्त हुने रकममध्ये कुनै रकम प्रचलित संघीय कानून बमोजिम स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको रहेछ भने त्यसरी जम्मा गर्नुपर्ने रकम आर्थिक वर्षको अन्त्यमा उपभोक्ता समूहले यस सानीभेरी गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ ।

**२६.<u>सामुदायिक वनको स्वामित्व खोस्न नसक्ने:</u>**

(१) समुदायले प्राप्त गरेको सामुदायिक वन र त्यस्तो सामुदायिक वनक्षेत्रको स्वामित्व फिर्ता लिने र वन उपभोक्ता समूहको दर्ता खारेज गर्न सक्नेछैन । तर, देहायको कार्य गरेमा सामुदायिक वनउपभोक्ता समुहलाई सचेत बनाई त्यस्तो कार्य नगर्न नगराउन स्थानीय सरकारले आवश्यक निर्देशन दिने र आवश्यक कारबाही गर्न सक्नेछ ।

(क) सामुदायिक वन उपभोक्ता समूहले प्रचलित कानूनले निषेध गरेको कार्य गरेमा,
(ख) सामुदायिक वन उपभोक्ता समुहले वन व्यस्थापन कार्य योजना बमोजिम कार्य सञ्चालन गर्न नसकेमा,
(ग) सामुदायिक वनको वास्तविक हैसियत खस्कने वा वन संरक्षणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा,
(घ) गाउँपालिका वन ऐन २०७७ अनुसार कार्य नगरेमा,

(२) उपदफा (१) बमोजिम वन उपभोक्ता समूहलाई सचेत गराउने लगायतका आवश्यक कारबाही गर्दा सफाई पेश गर्ने उचित मौका दिइनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारी, सदस्य वा कुनै व्यक्तिले समुदायको हितको नाममा सामुदायिक वन उपभोक्ता समुहको विधान, कार्ययोजना र समुदायको हित बिपरित कुनै काम कारबाही गरेमा त्यस्तो पदाधिकारी, सदस्य वा व्यक्तिलाई उपभोक्ता समुहको विधान, कार्ययोजना र नीति नियम अनुसार कारबाही गर्नेछ

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारी वा सदस्यले यस ऐन वा प्रचलित ऐन विपरित कार्य गरेमा यस ऐनमा तोकिए जतिमा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम सजाय हुनेछ ।

**२७.स्थानीय समुदायसङ्ग स्वतन्त्र,पूर्व सू-सुचित मञ्जुरी लिनु पर्नेः-**

(१) नेपाल सरकार,प्रदेश सरकार र गाउँपालिका सरकारले देहाय बमोजिमका निर्णय लिनुपूर्व स्थानिय समुदाय, आदिवासी जनजातिहरु, प्रथाजनित संस्थाहरु र सामुदायिक वन उपभोक्ता समूहको अनिवार्यरूपमा स्वतन्त्र,पूर्व सू-सुचित मञ्जुरी लिनु पर्नेछ ।

(क) सामुदायिक वनलाई वनको रूपमै संरक्षण र व्यवस्थापनमा निरन्तरता नदिई अन्य कुनै सार्वजनिक हितको लागि प्रयोग गर्न,

(ख) सामुदायिक वन उपभोक्ता समुहलाई प्रभावित पार्ने कुनै योजना तर्जुमा गर्दा,कार्यान्वयण गर्दा वा नीति नियमहरू निर्माण गर्दा,

(२) राष्ट्रिय रूपमा वन अधिकार र प्राकृतिक श्रोत साधनसंग सम्बन्धित ऐन र कानून,नीति तथा कार्यक्रमहरू निर्माण गर्दा त्यस्तो ऐन र कानून,नीति तथा कार्यक्रमहरूले कुनै जाति,वर्ग वा समुदायलाई प्रभावित पार्ने देखिएमा सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि-महासन्धि,घोषणा-पत्र र सम्झौता र नेपाल सरकारले व्यक्त गरेका प्रतिबद्धताहरूमा उल्लेखित व्यवस्थाहरूको अधिनमा रहि नेपाल सरकार लगायत सम्बन्धित तहले त्यस्तो समुदायको अख्तियार प्राप्त प्रतिनिधिहरूसंग अनिवार्य रूपमा स्वतन्त्र, पूर्व सू-सुचित मञ्जुरी लिईनेछ ।

(३) उपदफा (१) बमोजिम स्थानीय समुदायसंग र उपदफा (२) बमोजिम विभिन्न जाति,बर्ग वा समुदायसंग नेपाल सरकार लगायत सम्बन्धित तहले स्वतन्त्र,पूर्व सू-सुचित मञ्जुरी नलिई कुनै काम कारबाही गरेको कारण त्यस्तो समुदायलाई भौतिक,अभौतिक,मनोवैज्ञानिक लगायतका कुनै पनि प्रकारको क्षति पुग्न गएमा उचित क्षतिपूर्ति प्राप्त गर्ने अधिकार सम्बन्धित समुदायलाई हुनेछ ।

**२८.सहभागिता र प्रतिनिधित्व सम्बन्धी व्यवस्थाः-**

(१) जल,जंगल र जमिन लगायतका प्राकृतिक श्रोत र साधनसँग सम्वन्धित स्थानीय समुदाय, आदिवासी जनजाति,महिला,दलित,अल्पसंख्यकको यस ऐन बमोजिमको अधिकार वा वन सम्बन्धी उनीहरूको परम्परागत ज्ञान,सीप र जीवनशैलीमा प्रभावित पार्ने स्थानीय रूपमा स्थानीय नीति नियम, कार्यक्रमहरू तर्जुमा गर्दा त्यस्तो समुदायलाई अनिवार्य रूपमा सहभागि गराईने छ ।

(२) समुदायमा आधारित वनको स्थानीय तहको उपभोक्ता समितिहरूमा आदिवासी जनजाति,महिला, दलित,अल्पसंख्यक,सीमान्तकृत समुदायको समावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्व गर्न पाउने अधिकार हुनेछ । यसरी प्रतिनिधित्व गराउदा समानुपातिक समावेशी सिद्धान्तको आधारमा निर्णायक

तह (पदाधिकारी) लगायतमा सबै समुदायका महिलाको निर्णायकतहमा प्रतिनिधित्व हुने गरी कम्तिमा ५० प्रतिशत महिलाको प्रतिनिधित्वको सुनिश्चित गराईनेछ ।

(३) उपदफा २ बमोजिमको समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागिता तुल्याउदा समेत समुदायको गरिब, बिपन्न, दलित वा अल्पसख्यक समुदायको उचित प्रतिनिधित्व हुन नसकेमा स्थानीय समुदायको आवश्यकताका आधारमा त्यस्तो समुदायलाई बिशेष संरक्षण सहितको प्रतिनिधित्वको व्यवस्था गर्न सक्ने छ ।

(४) सामुदायिक वनको साधारणसभा आयोजना गर्दा सम्पूर्ण उपभात्तो, विशेषगरी विपन्न, वञ्चित वर्ग, महिला तथा दलित उपभोक्ताहरूको सक्रिय सहभागिता सुनिश्चित गराई साधारण सभामा कम्तिमा पनि ५० प्रतिशत विपन्न, महिला, दलितहरूको सहभागिता हुने वातावरण तयार गर्नु आवश्यक रहनेछ।

२९.<u>सामुदायिक वनलाई प्राथमिकता दिनु पर्नेः-</u>

(१) सामुदायिक वनको रूपमा उपभोक्ता समूहलाई स्वामित्व दिई सुम्पन उपयुक्त हुने राष्ट्रिय वनको कुनै पनि भागलाई कबुलियती वन लगायत अन्य प्रयोजनको लागि प्रयोग गर्न दिइने छैन ।

(२) सामुदायिक वन, प्रथाजनित व्यवस्थित वन क्षेत्रलाई गाउँपालिका सरकारले प्राथमिकता प्राप्त क्षेत्रको रूपमा राख्नुपर्नेछ ।

३०.<u>राष्ट्रिय वनमा प्राप्त हुने सामुदायिक अधिकारः</u>

(१) राष्ट्रिय वन र सिमसार क्षेत्र लगायत नेपाल सरकारको संरक्षण र व्यवस्थापनमा रहेका राष्ट्रिय वनमा त्यस्तो वन क्षेत्रसंग सिमाना जोडिएको वा त्यस्तो वन क्षेत्रको आसपासमा बसोबास गर्ने समुदायले देहायको अधिकारहरू निर्वाध रूपमा उपभोग गर्न पाउँने छन् ।

(क) परम्परागत रूपमा सार्वजनिक बाटोको रूपमा उपभोग गर्दै आईरहेको राष्ट्रिय वनक्षेत्र भित्र पर्ने बाटोमा आवत जावत गर्ने,

(ख) परम्परागत रूपमा उपभोग गर्दै आईरहेको खानेपानीको श्रोत, सिंचाईको श्रोत, खोला लगायतका पानीको मुहानहरूको निर्वाध रूपमा निरन्तर उपभोग गर्ने,

(ग) परम्परागत रूपमा वनपैदावारको श्रोतको रूपमा उपभोग गर्दै आईरहेको वनक्षेत्र भित्रबाट वनको हैसियत नबिग्रने गरी संरक्षण र व्यवस्थापन समेत गरी त्यस्तो वनक्षेत्रबाट वन पैदवार निर्वाधरूपमा प्रयोग गर्ने र त्यस्तो वन पैदावारको बिक्रि बितरणबाट लाभ प्राप्त गर्ने,

(घ) परम्परागत रूपमा चरिचरण, पशुचरण गर्दै आईरहेको क्षेत्रमा वनको हैसियत नबिग्रने गरी चरिचरण, पशुचरणको रूपमा उपभोग गर्ने,

(ङ) राष्ट्रिय वन क्षेत्रभित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिकस्थल र सम्पदाहरूमा निर्वाध रूपमा आवतजावत गर्ने, त्यस्तो स्थलको संरक्षण, व्यवस्थापन, सदुपयोग र नियन्त्रणमा राख्नमा पहुँच हुने।

(च) राष्ट्रिय वन क्षेत्रभित्रका वन्यजन्तुले मानवीय, घरपालुवा जनावार र स्थानीय समुदायको वालिनालीमा क्षति पुऱ्याएमा त्यस्तो क्षेतिको मनासिब माफिकको क्षतिपूर्ति सम्वन्धि निकायबाट प्राप्त गर्ने,

(छ) राष्ट्रिय वनमा कार्बनको संचितिकरण र भण्डारण गरेबापतको लाभ प्राप्त गर्ने र त्यस्तो लाभ सामुदायिक हितमा प्रयोग गर्ने,

(ज) सिमसार क्षेत्र र राष्ट्रिय वनको व्यवस्थापनमा प्रत्यक्ष रूपमा सहभागी हुने,

(२) उपदफा (१) को खण्ड (क),(ख),(ग) र (घ) मा उल्लेखित स्थानीय समुदायको परम्परागत भोगमा रहेको बाटो, पानीको मुहान, वनपैदावार, चरिचरण र पशुचरणको लागि उपभोग गर्दै आईरहेको वनक्षेत्र वा श्रोतको सार्वजनिक हितको लागि प्रयोग गर्नु पर्ने देखिएमा गउँपालीकाले स्थानीय समुदाय संग समन्यय गरी त्यस्तो वनक्षेत्र सार्बजनिक हितको लागि प्रयोग गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको समुदायको परम्परागत भोग चलनमा रहेको बाटो, प्राकृतिक श्रोत साधन, ऐतिहासिक, सांस्कृतिक र धार्मिकस्थल र सम्पदाहरूलाई उपदफा (२) बमोजिम प्रयोग गर्दा स्थानीय समुदायलाई आवश्यक पर्ने त्यस्तो सार्बजनिक बाटो वा प्राकृतिक श्रोत साधनको वैकल्पिक व्यवस्था गाउँपालीकाले तत्काल मिलाउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको समुदायको परम्परागत भोग चलनमा रहेको बाटो, प्राकृतिक श्रोत साधन, ऐतिहासिक, सांस्कृतिक र धार्मिकस्थल र सम्पदाहरूको उपदफा(२) बमोजिम अन्य कार्यमा प्रयोग गर्दा सम्बन्धित समुदायलाई पुग्न गएको आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक, भावनात्मक क्षेति समेतलाई मध्यनजर राखीसम्बन्धित समुदायलाई गउँपालीकाले उचित क्षतिपूर्ति दिनु पर्नेछ ।

## परिच्छेद- ४

## सामुदायिक तथा अन्य वन व्यवस्थापन, दर्ता तथा हस्तान्तरण

### ३१. सामुदायिक वन तथा अन्य वन व्यवस्थापन, दर्ता तथा हस्तान्तरणको ब्यवस्थाः

(१) साविकमा दर्ता तथा हस्तान्तरण भएका सामुदायिक वन उपभोक्ता समूहहरु, कवुलियति वन उपभोक्ता समूहहरु, धार्मिक वन, पारीवारीक नीजि वनहरु यसै ऐन द्धारा सन्चालन व्यवस्थापन हुनेछन ।

(२) दर्ता तथा हस्तान्तरण नभएका वन क्षेत्रलाई सामुदायिक वन उपभोक्ता समूहहरु, कवुलियति वन उपभोक्ता समूहहरु, धार्मिक वन, पारीवारीक नीजि वनहरु दर्ता तथा हस्तान्तरण गरी यसै ऐन द्धारा सन्चालन तथा व्यवस्थापन हुनेछन ।

(३) सार्वजनिक जगामा वन विकास सम्वन्धी व्यवस्थाः कार्यपालिकाले प्रचनित नेपाल कानुन तथा यस ऐनको अधीनमा रही सार्वजनिक जग्गामा वनको विकास,संरक्षण,व्यवस्थापन गर्न र वन पैदावारको उपयोग तथा विक्री वितरण,संरक्षण,व्यवस्थापन गर्ने छ ।

## परिच्छेद-५

## सामुदायिक वन सम्वन्धी व्यवस्था

**३२.सामुदायिक वन सम्वन्धी व्यवस्था देहाय वमोजिम हुनेछ :**

(१) सामुदायिक वन सुम्पनेः उपभोक्ता समूहले कार्ययोजना वमोजिमको संरक्षण सम्बर्द्धन उपयोग व्यवस्थापन गर्न तथा स्वतन्त्ररुपले वन पैदावारको मुल्य निर्धारण गर्ने गरी विक्री वितरण गर्न पाउने गरी गाउँपालीले आफ्नो क्षेत्र भित्रका वनको कुनै भाग सामुदायिक वन उपभोक्ता समूहलाई हस्तान्तरणको प्रमाण पत्र दिनेछ ।

(२) उपदफा १ को प्रयोजनको लागि स्थानीय सरकारले उपभोक्ता समूह परिचालन गरी तोकिए बमोजिमको उपभोक्ता समूह गठन र कार्ययोजना तयार गर्न आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउने छ ।

**३३.कार्ययोजना संशोधनः**

(१) उपभोक्ता समूहले वन व्यवस्थापन सम्बन्धी कार्ययोजना आवश्यकता अनुसार समायनुकुल परिमार्जन गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समूहले कार्ययोजनामा गरेको परिमार्जनले वातावरणमा उल्येख्यनीय प्रतिकुल असर पर्ने देखिएमा स्थानीय सरकारले यस्तो परिमार्जनको जानकारी प्राप्त भएको ३० दिन भित्र सो परिमार्जन लागु नगर्न निर्देशन दिनेछ ।

**३४.उपभोक्ता समूहको दर्ताः**

(१) तोकिए बमोजिम गठन गरिएको उपभोक्ता समूहलाई दर्ता गराउन उपभोक्ताको विधान सहित गाउँपालिका सरकार समक्ष पेश गर्ने

(२) उपदफा (१) बमोजिमको दर्खास्त पर्न आएमा गाउँपालिका सरकारले आवश्यक जाँचबुझ गरी त्यस्तो उपभोक्ता समूहलाई तोकिए बमोजिम दर्ता गरी दर्ता प्रमाणपत्र दिनु पर्नेछ ।

(३) हाल वन ऐन २०४९ अनुसार दर्ता भएका सामुदायिक वन उपभोक्ता समूहहरु,कवुलियति वन उपभोक्ता समूहहरु,धार्मिक वन,पारीवारीक नीजि वनहरु एक बर्ष भित्र स्थानीय सरकारमा सूचिकृत गर्नुपर्नेछ । त्यस्ता समूहलाई गाउँपालिका सरकारले प्राविधिक तथा आर्थिक सहयोग गर्नुपर्नेछ ।

३५.<u>सामुदायिक चिडियाखाना, वन्यजन्तु उद्दार केन्द्र र वन्यजन्तु पालन तथा प्रजनन् :</u>

(१) सामुदायिक वन उपभोक्ता समूहले आफै वा अन्य विभिन्न पक्षसँगको सहकार्यमा सामुदायिक चिडियाखाना, वन्यजन्तु उद्दार केन्द्र र वन्यजन्तु पालन तथा प्रजनन्सम्बन्धी योजना तर्जुमा गरी सामुदायिक चिडियाखाना वा वन्यजन्तु उद्दार केन्द्र स्थापना तथा सञ्चालन र वन्यजन्तु पालन तथा प्रजनन् सम्बन्धी कार्यहरु गर्न सक्नेछन् ।

२) वन्यजन्तु पालन तथा प्रजनन् पश्चात गरिने बिक्री वितरणका लागि प्रदान गरिने इजाजत सम्बन्धी मापदण्डहरु प्रचलित संघीय कानून बमोजिम हुनेछ ।

३) सामुदायिक चिडियाखाना वा वन्यजन्तु उद्दार केन्द्र र वन्यजन्तु पालन तथा प्रजनन्सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन गर्न चाहने उपभोक्ता समूहलाई यस सानीभेरी गाउँपालिका र डिभिजन वन कार्यालयलले आवश्यक प्राविधिक र अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।*

३६.<u>सामुदायिक घरवास (होम स्टे) दर्ताका लागि निवेदन दिने</u>

(१) पर्यापर्यटन प्रवद्र्धन गर्नेगरी होम स्टे सञ्चालन गर्न चाहने उपभोक्ता समूह वा स्थानीय समुदायले यस सानीभेरी गाउँपालिकामा सामुदायिक होम स्टे दर्ता गरी सञ्चालन गर्न सक्नेछन् ।

२) सामुदायिक होम स्टे सञ्चालनसम्बन्धी कार्यविधिहरुको पालना गरी सञ्चालित सामुदायिक होम स्टेलाई स्वीकृत योजना अनुसार यस सानीभेरी गाउँपालिकाबाट आवश्यक अनुदान उपलब्ध गराउन सकिनेछ ।

३७.<u>जलाधार संरक्षणः</u>

(१) यस सानीभेरी गाउँपालिकाले आफनो क्षेत्रमा रहेका जलाधारहरुको पहिचान गरी नक्शासहितको विवरण राख्नु पर्नेछ ।

२) यस सानीभेरी गाउँपालिकामा रहेका जलाधारहरुको सामुदायिक वन उपभोक्ता समूहका माध्यमबाट संरक्षणसम्बन्धी कार्यहरु गरिने छ ।

३) जलाधार क्षेत्रको संरक्षण गर्ने उपभोक्ता समूहलाई योजना र कार्यक्रम तर्जुमा तथा कार्यान्वयनका लागि यस सानीभेरी गाउँपालिका र स्थानीय सरकारको वन सम्बन्धी कार्यालयले आवश्यक प्राविधिक तथा आर्थिक र अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

४) जलाधार क्षेत्रको संरक्षणका माध्यमबाट जलस्रोत लगायतको संरक्षणमा उपभोक्ता समूहले पुर्याएको योगदान वापत जलस्रोत लगायतका स्रोत उपभोग गर्ने विभिन्न निकाय, संघ संस्था, उद्योग लगायतका पक्षहरुले जलाधार क्षेत्र संरक्षण गर्ने उपभोक्ता समूहलाई विभिन्न अनुदान तथा अन्य उत्प्रेरणाका स्रोतहरु उपलब्ध गराउन सक्नेछन् ।

(५) उपदफा (४) को प्रयोजनका लागि जलाधार संरक्षण गर्ने उपभोक्ता समूह र जलाधार संरक्षणबाट फाईदा पाउने पक्षका बीच आवश्यक सम्झौता गर्न सकिनेछ ।

**३८.जैविक मार्गको व्यवस्थापनः**

(१) यस सानीभेरी गाउँपालिकामा वन्यजन्तु र चाराचुरुङ्गीहरुको आवत जावत गर्ने जैविक मार्गको रुपमा रहेका वन क्षेत्रहरुको संरक्षण,व्यवस्थापन र सदुपयोग सामुदायिक वनका माध्यमबाट गरिनेछ ।

२) जैविक मार्गका सामुदायिक वन र वन्यजन्तुको संरक्षणका लागि उपभोक्ता समूहलाई यस सानीभेरीग गाउँपालिका र डिभिजन वन कार्यालयले प्राविधिक तथा आर्थिक र अन्य आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

३) जैविक मार्गमा पर्ने वन क्षेत्रमा आश्रित समुदायलाई जैविक मार्गको वन पैदावार उपयोग गर्नबाट बञ्चित गरिने छैन ।

४) जैविक मार्गमा वन्यजन्तुको प्रभावबाट सुरक्षित रहनका लागि उपभोक्ता समूह र यस सानिभेरि गाउँपालिकाले सचेतना अभिवृद्धि र सुरक्षात्मक उपायहरु अवलम्बन गर्न गराउन सक्नेछ ।

**३९.मानव–वन्यजन्तु द्वन्द्व व्यवस्थापन र राहत वितरणः**

(१) यस सानीभेरी गाउँपालिका र डिभिजन वन कार्यालयलका साथै सम्बन्धित वन उपभोक्ता समूहले वन्यजन्तुबाट हुने जनधनको क्षति कम हुने कार्यक्रमहरु सञ्चालन गर्नु पर्नेछ ।

२) वन्यजन्तुबाट कसैको धनजनको क्षति भएमा त्यस्तो क्षति वापत पिडितलाई नेपाल सरकार र स्थानीय सरकारले उपलब्ध गराउने राहतका अतिरिक्त यस सानीभेरी गाउँपालिका र वन उपभोक्ता समूहले थप राहत प्रदान गर्न सक्नेछ ।

३) यस सानीभेरी गाउँपालिकाले वन्यजन्तुबाट प्रभावित व्यक्ति तथा परिवारलाई राहत प्रदान गर्न र मानव–वन्यजन्तु द्वन्द्व व्यवस्थापनका कार्यक्रमहरु सञ्चालनका लागि एक कोषको स्थापना र सञ्चालन गर्न सक्नेछ ।

४) मानव वन्यजन्तु द्वन्द्वबाट प्रभावित व्यक्तिहरुको जीउधनको सुरक्षाका लागि जीवन बीमा तथा निर्जीवन बीमा गर्नका लागि यस सानीभेरी गाउँपालिका र डिभिजन वन कार्यालयलले आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

५) वन्यजन्तुलाई वन क्षेत्रमा नै बसोवास गर्ने अवस्था सिर्जना गर्नका लागि सामुदायिक वन लगायतका जैविक मार्गमा पानी पोखरी निर्माण, जंगली फलफूलका विरुवा संरक्षण,घाँसै क्षेत्रहरुको संरक्षण जस्ता कार्यहरु गर्नुपर्नेछ ।

६) नेपाल सरकारले कृषि तथा घरपालुवा जनावारका लागि हानिकारक वन्यजन्तु भनी घोषणा गरेका वन्यजन्तुहरु घर गोठ तथा खेतबारीमा आई जनधनको क्षति गर्ने अवस्था देखिएमा त्यस्ता वन्यजन्तुहरुलाई धपाउन पाइनेछ ।

४०.**सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापन**ः

(१) यस सानीभेरी गाउँपालिकाको वन क्षेत्रमा रहेका सिमसारको संरक्षण र सदुपयोग सामुदायिक वन उपभोक्ता समूहका माध्यमबाट गरिने छ ।

२) वन क्षेत्र भन्दा बाहिर रहेका सिमसारहरुको संरक्षण र सदुपयोगका लागि सिमसार उपभोक्ता समूह वा जल उपभोक्ता संस्था गठन गर्न सकिनेछ ।

३) सिमसार उपभोक्ता समूह गठन र दर्ता गर्दा सामुदायिक वन उपभोक्ता समूह गठन र दर्ता गर्ने प्रक्रिया अवलम्बन गर्न सकिनेछ ।

४) सिमसार व्यवस्थापन योजना तर्जुमाका लागि यस सानीभेरी गाउँपालिकाको कार्यपालिकामा छलफल गरी डिभिजन वन कार्यालयले प्राविधिक, आर्थिक र अन्य आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

५) उपभोक्ता समूहले व्यवस्थापन गर्दै आएका सिमसार क्षेत्रका माछा लगायतका जलचरको संरक्षण र विक्री वितरणका लागि उपभोक्ता समूहले आफै आवश्यक व्यवस्था गर्न सक्नेछ ।

४१.**सार्वजनिक जग्गामा वन विकास सम्बन्धी व्यवस्थाः**

(१) यस सानीभेरी गाउँपालिकाले वनसम्बन्धी प्रचलित संघीय कानून बमोजिमको प्रक्रिया अवलम्बन गरी आफ्नो क्षेत्रभित्र पहिचान भएका सार्वजनिक जग्गामा सामुदायिक वन उपभोक्ता समूहको माध्यमबाट वनको विकास, संरक्षण, व्यवस्थापन गर्नु पर्नेछ ।

२) उपदफा (१) बमोजिमको कामका लागि यस सानीभेरी गाउँपालिका र डिभिजन वन कार्यालयलले उपभोक्ता समूहलाई आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउनु पर्नेछ ।

३) सार्वजनिक जग्गामा गरिएको सामुदायिक वन व्यवस्थापनबाट प्राप्त वन पैदावार सम्बन्धित उपभोक्ता समूहले उपयोग तथा बिक्री वितरण गर्न सक्नेछ ।

४) सडक र बाटो किनारमा लगाइएको तथा बाटोमा छहारी पर्ने रुखहरु र चौतारा वा यस्तै प्रकृतिका अन्य ठाउँमा लगाइएका रुखहरुले मानवीय जोखिम सिर्जना गर्ने भएमा वा अन्य कुनै कारणले काट्न वा हटाउन पर्ने भएमा यस सानीभेरी गाउँपालिकाले सडक र वनसम्बन्धी प्रचलित संघीय कानून बमोजिमको प्रक्रिया पूरा गरी त्यस्ता रुखहरु काट्न वा हटाउन सक्नेछ ।

४२.**वन डढेलो तथा आगलागी नियन्त्रण :**

(१) कुनै वनमा वन डढेलो लागेमा यस सानीभेरी गाउँपालिका,प्रदेश सरकारको वन सम्बन्धी कार्यालय, सुरक्षा निकाय,सम्बन्धित वन उपभोक्ता समूह र निजी जग्गावालाहरु समेतको पहलमा वन डढेलो नियन्त्रण गर्नु पर्नेछ ।
२) यस सानीभेरी गाउँपालिकाले वन डढेलो नियन्त्रणका लागि वन उपभोक्ता समूह मार्फत सचेतना र क्षमता अभिवृद्धि तथा डढेलो नियन्त्रणको प्रविधि तथा सूचना संयन्त्र विकास गर्ने र समन्वयका लागि आवश्यक कार्यहरु गर्नु पर्नेछ ।
३) वन डढेलो नियन्त्रणमा खटिदा कुनै व्यक्तिलाई क्षति हुन गएमा सोको मूल्यांकन गरी यस सानीभेरी गाउँपालिका र सम्बन्धित उपभोक्ता समूहले राहत तथा अन्य आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।
४) वन डढेलोका कारण वा वन डढेलो नियन्त्रण गर्न जाँदा कुनै व्याक्ति घाइते वा मृत्य भएमा त्यस्ता व्यक्तिले बीमा रकम पाउने गरी यस सानीभेरी गाउँपालिका र यसको क्षेत्रभित्र रहेका सामुदायिक वन उपभोक्ता समूहहरुको सहकार्यमा सामुहिक बीमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ र यस कार्यमा सामुदायिक वन उपभोक्ता महासंघ,नेपालले समन्वय र सहजीकरण गर्न सक्नेछ ।
५) कसैले वन क्षेत्रमा आगो लगाएमा वा आगो लाग्न सक्छ भन्ने कुरा थाहा हुँदा हुँदै लापरवाही गरी वनमा आगो लगाएमा वनसम्बन्धी प्रचलित संघीय कानून बमोजिम कारवाही र दण्ड सजाय हुनेछ ।

**४३.<u>उपभोक्ता समूह संगठित संस्था रहनेः</u>**

(१) सामुदायिक वन उपभोक्ता समूहहरु अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछन् । दफा ३० बमोजिम दर्ता भएको उपभोक्ता समूह अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित,संगठित र सामुदायिक प्रकृतिको समाजिक संस्था हुनेछ ।
(१) समूहको छुट्टै छाप हुनेछ
(२) समूहको आफ्नो ढाँचा हुनेछ
(३) उपभोक्ता समूहले व्यक्ति सरह चल अचल सम्पत्ती प्राप्त गर्न,उपभोग गर्न,बेचविखन गर्न वा अन्य किसिमको बन्दोवस्त गर्न पाउनेछ
(४) उपभोक्ता समूहले व्यक्ति सरह आफ्नो नामबाट  नालिस उजुर गर्न र सो उपर पनि सोही नाम बाट नालिस उजुर गर्न सक्नेछ ।

**४४.प्रतिवेदन दिनुपर्नेः**

(१) सामुदायिक वन उपभोक्ता समूहहरु, कवुलियति वन उपभोक्ता समूहहरु, धार्मिक वन, पारीवारीक नीजि वनहरु समूहले प्रत्येक बर्ष आर्थिक बर्ष समाप्त भएको चार महिना भित्र तोकिए बमोजिम आर्थिक विवरण तथा सामुदायिक वनको स्थिति समेत खुलाई आफ्नो क्रियाकलापको बार्षिक प्रतिवेदन स्थानीय सरकार तथा सामुदायिक वन उपभोक्ता महासंघ नेपालमा पेश गर्नुपर्नेछ ।

**४५.उपभोक्ता समूहको कोषः**

(१) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै कोष हुनेछ  कोषमा देहायका रकम जम्मा हुनेछ ।

(क) संघिय सरकार, प्रदेश सरकार र गाउँपालिका सरकारबाट प्राप्त हुने अनुदान रकम,

(ख) कुनै व्यक्ति वन संस्थाबाट प्राप्त अनुदान, साहायता वा दान दातव्य रकम,

(ग) वन पैदावार (जैविक विविधता) को विक्रि वितरण वाट प्रप्त रकम,

(घ)उद्योग तथा पर्यपर्यटन सन्चालनवाट प्राप्त रकम,

(ङ) दण्ड वा जरिवानाबाट प्राप्त,

(च) प्रचलित कानून बमोजिम अन्य कुनै श्रोतबाट प्राप्त रकम

(छ) अन्य कुनै श्रोतबाट प्राप्त रकम उपभोक्ता समूहको तर्फबाट गरिने खर्च उपदफा (१) बमोजिमको कोषबाट गरिनेछ

(२) कोष संचालन उपभोक्ताको आमभेला बाट तोकिएको निति निर्णय बमोजिम हुनेछ ।

## परिच्छेद- ६

## वन अधिकार संरक्षण सम्बन्धी व्यवस्था

**४६.वन अधिकार संरक्षण सम्बन्धी देहाय वमोजवमको व्यवस्था हुनेछः**

(१) वन अधिकार प्राप्त गर्ने स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको हक हित संरक्षण सम्बन्धी विषयमा नीति निर्माण गर्न तथा अधिकारवाला समुदायको हक हितका सम्बन्धमा गाउँपालिका सरकारलाई सुझाब दिनको लागि गाउँपालिकामा एक वन परिषद गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको परिषदमा देहाय बमोजिमका अध्यक्ष तथा पदाधिकारीहरू रहने छन:

(क) गाउँपालिका सरकार प्रमुख वा निजले तोकेको ब्याक्ति- अध्यक्ष  १ जना

(ख) वन तथा वातावरण समितिको प्रतिनिधि- सदस्य १ जना

(ग)  गाउँ सभाको प्रतिनिधिकम्तिमा १ जना महिला पर्ने गरी  - सदस्य २ जना

(घ) सामुदायिक वन उपभोक्ता महासंघको प्रतिनिधि कम्तिमा १ जना
 महिला पर्ने गरी - सदस्य २ जना
(ङ) आदिवासी जनजाति महासंघको प्रतिनिधि- सदस्य १ जना
(च) दलित अधिकारको क्षेत्रमा काम गर्ने- सदस्य १ जना
(छ) पारिवारिक निजीवनको प्रतिनिधि- सदस्य १ जना
(ज) व्यावसायिक संस्थाका प्रतिनिधि-  सदस्य १ जना
(झ) वन अधिकार, वातावरण संरक्षण र वन उपभोक्ताको हकहितसँग सम्बन्धित क्षेत्रमा काम गरेको व्यक्ति मध्येबाट स्थानीय सरकारले मनोनीत गरेको न्यूनतम ३ महिला सहित प्रतिनिधि- सदस्य ५ जना
ञ) गाउँपालिकाले तोकेको वा वन वातावरण शाखाको प्रमुख- सदस्य सचिव
तर, स्थानीय सरकारले मनोनित गर्दा उपदफा (२) को विभिन्न खण्डहरूबाट प्रतिनिधित्व हुन नसकेका जाति वा समुदायको प्रतिनिधित्व हुने गरी मनोनीत गर्नुपर्नेछ ।
 (३) उपदफा (२) बमोजिम गठन हुने वन परिषदमा महिलाको सहभागिता न्यूनतम ५० प्रतिशत अनिवार्य गराउनु पर्नेछ ।
(४) उपदफा (२) बमोजिम मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ र निजहरू एक अवधिको लागि पुनः मनोनीत हुन सक्नेछन् ।
(५) परिषद्का पदाधिकारीहरु र कर्मचारीले गाउँपालिका सरकारले तोकिदिए बमोजिमको सुविधा र तलव भत्ता पाउनेछन् ।

## ४७.<u>परिषद्को काम, कर्तव्य र अधिकारः</u>

 (१) परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-
 (क) वन र वनक्षेत्रमा रहेको प्राकृतिक स्रोत साधन (जल, जमिन, जंगल, वन्यजन्तु, खनिज, जैविक विविधता आदि) को परम्परागत रूपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आईरहेका उक्त क्षेत्रमा बसोबास गर्ने स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वन अधिकार सम्बन्धी विषयमा संघीय र प्रदेश सरकारलाई सुझाव दिने ।
(ख) वन र वनक्षेत्रमा रहेको प्राकृतिक स्रोत साधन (जल, जमिन, जंगल, वन्यजन्तु, खनिज, जैविक विविधता आदि) को परम्परागत रूपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आईरहेका उक्त क्षेत्रमा बसोबास गर्ने स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाडमा

अग्राधिकार वन अधिकार सम्बन्धमा जानकारी गराउन कार्यक्रम र सूचनाहरू प्रचार प्रसार गर्ने, गराउने ।

(ग) वनमाथिको पहूँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकारको सम्बन्धमा सूचित गर्ने, गराउने ।

(घ) वनमाथिको पहूँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकार सम्बन्धमा अनुसन्धान गर्ने, गराउने ।

(ङ) वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वन अधिकार सम्बन्धमा भइरहेका नीति परिवर्तन गर्ने वा नयाँ नीति बनाउन गाउँपालिका सरकारलाई सुझाव दिने ।

(च) वनमाथिको पहूँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी हकहित र अधिकार संरक्षण सम्बन्धी स्थानीय, प्रादेशिक, संघीय तथा अन्तर्राष्ट्रिय सूचनाहर अद्यावधिक राख्ने तथा राख्न लगाउने ।

(छ) वन अधिकार संरक्षण सम्बन्धी स्थानीय, प्रादेशिक, संघीय सूचनाहरू अद्यावधिक राख्ने तथा राख्न लगाउने ।

(ज) स्थानीय समुदाय, आदिवासी, जनजाति, महिला, दलित, तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकारहरूको अनुगमन गर्ने गराउने र अनुगमन गर्दा देखिएका त्रुटीहरूको सुधार गर्न गाउँपालिका सरकारलाई सुझाब दिने ।

(झ) स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित, अल्पसंख्यक तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको वनमाथिको पहूँच, स्वामित्व, प्रतिनिधित्व, लाभकोबाँडफाड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकार संरक्षण गर्ने सम्बन्धमा उपयुक्त सम्झेको अन्य काम गर्ने, गराउने ।

(ञ) परम्परागत रुपमा संरक्षण, संवर्द्धन र सदुपयोग गर्दै आएका स्थानीय समुदायको वन प्रयोगको अधिकारलाई राजनीतिक सिमाले वन्देज गर्ने छैन, यदि कुनै अवरोध सृजना भएमा आवश्यक समन्वय गरेर समाधान गर्ने ।

(ट) सामुदायिक वनहरु बीच समन्वय गरेर स्थानीय आपूर्ति, प्राकृतिक प्रकोपलाई सर्वसुलभ वनाउनका लागि डिपो स्थापना गर्ने ।

(ठ) अन्तर स्थानीय सरकारकाबीच वन पैदावार आपूर्ति व्यवस्था मिलाउनका लागि समन्वय गर्ने ।

(ड) समुदायद्धारा संचालित कार्यक्रमहरु अनुगमन निरिक्षण तथा पृष्ठपोषण गर्ने ।

(ढ) समुदायको आन्तरीक सुशासनको लागी आवस्यक सरसल्लाह, सुझाव र सहयोग गर्ने ।

(न) जैविक विविधताको अभिलेखिकरण गर्ने, अध्ययन अनुसन्धान गर्ने, संरक्षण तथा व्यवस्थापन गर्ने ।

## ४८.परिषद्को बैठक देहायवमोजिम हुने छ :

(१) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) परिषद्को सम्पूर्ण सदस्य संख्याको कम्तीमा पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(३) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरू मध्येबाट जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) परिषद्कोनिर्णय परिषद्को अध्यक्षद्धारा प्रमाणित गरिनेछ ।

(५) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

## ४९.जाँचबुझ र निरीक्षण गर्न सक्ने :

(१) कुनै व्यक्ति, वन उपभोक्ता समुह, संगठित संस्था, सरकारी तह, नीजि वा साझेदारी कम्पनी लगायत कसैले पनि यस ऐन बिपरित हुनेगरी समुदायको वन अधिकारमा प्रतिकूल प्रभाव पार्ने कार्य गरेमा यसै ऐन अनुसार वनअधिकार संरक्षण परिषद आफै वा परिषदले तोकेको प्रतिनिधिले आवश्यक जाँचबुझ र निरीक्षण गर्न, गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ र निरीक्षणबाट वन अधिकारको हनन् सम्बन्धी दोषी देखिएका व्यक्ति, वन उपभोक्ता समुह, संगठित संस्था, सरकारी तह, निजी वा साझेदारी कम्पनी लगायतका व्यक्ति वा संस्थालाई प्रचलित कानून बमोजिम आवश्यक कारबाही गर्नको लागि परिषदले गाउँपालिका सरकारलाई सिफारिस गर्न सक्नेछ ।

## ५०. सामुदायिक वन समन्वय समिति

सानीभेरी गाउँपालिका भित्रका सम्पुर्ण सामुदायिक वनहरुको सक्रीय उपस्थितिमा सामुदायिक समन्वय समिति गठन गरिनेछ | यसको सञ्चालन, विधान र कार्यविधि अनुरुप हुनेछ।

१) सामुदायिक वन समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) गाउँपालिका भित्र सञ्चालनमा रहेका सामुदायिक वनहरुको संरक्षण तथा सम्वर्द्धनमा सहयोग गर्ने ,

ख) सामुदायिक वनहरुका विभिन्न गतिविधिको सम्बन्धमा समन्वय तथा सुधार गर्नको लागि कार्यपालिकामा पेश गर्ने,

(ग) सामुदायिक वनको व्यवस्थापन तथा संरक्षणको लागि आवश्यक कार्ययोजना तर्जुमा गरी स्वीकृतिको लागि गाउँ कार्यपालिकामा पेश गर्ने ,

(घ) सामुदायिक वनको संरक्षण सम्बर्द्धन तथा सुधारको लागि आवश्यक नीति तथा योजना तयार गरी स्वीकृतिको लागि गाउँपालिकामा पेश गर्ने,

(ङ) संघ,प्रदेश र स्थानीय तहको साझा अधिकारको विषयमा संघ तथा प्रदेश सँग आवश्यक समन्वय गरी वन सुधारका कार्ययोजना तयार गर्ने ,

(च) वातावरण तथा जैविक विविधताको संरक्षण,भूक्षय तथा प्राकृतिक प्रकोप नियन्त्रणको माध्यमबाट बन विकास सम्बन्धी कार्यक्रम तर्जुमा तथा सञ्चालन गर्ने ,

(छ) सामुदायिक वनको संरक्षणको लागि गस्ती परिचालनको व्यवस्था मिलाउने । तर समन्वय समितिले आवश्यक निर्णय गरी गस्ती परिचालनको जिम्मा अध्यक्ष वा गस्ती टोली प्रमुखलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ,

(ज) गाउँ कार्यपालिकाले तोकेका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद-७

## कसूर र सजाय सम्बन्धी व्यवस्था

**५१.वन अधिकारमा प्रतिकूल प्रभाव पार्न नहुनेः**

(१) कुनै व्यक्ति,वन उपभोक्ता समुह,संगठित संस्था,सरकार,सरकारी तह,निजी वा साझेदारी कम्पनी लगायत कसैले पनि यस ऐन विपरित हुनेगरी वन उपभोक्ता वा वन उपभोक्ता समुहको वन सम्बन्धी अधिकारमा प्रतिकूल प्रभाव पार्न हुदैन । तर,आम सार्वजनिक हितको लागि यस ऐनको दफा २७ बमोजिम वन उपभोक्ता समुह वा सम्बन्धित समुदायको स्वतन्त्र,पूर्व सू-सुचित मञ्जुरी (Free Prior Information Consent) लिई नेपाल सरकार वा सम्बन्धित तहको निर्णयले असल मनसायले गरेको कार्यलाई वन अधिकारको प्रतिकूल मानिने छैन ।

**५२.दण्ड सजायः देहायको काम कारबाही गर्ने गराउनेलाई कसुरको मात्रा हेरी देहाय बमोजिम सजाय हुनेछः-**

(१) दफा ९ को उपदफा (१) बमोजिमको अधिकार प्रयोग गर्न बञ्चित गराउने वा त्यस्तो अधिकार प्रयोग गर्नबाट रोक लगाउने कार्य गर्ने गराउनेलाई विगो खुलेकोमा बिगो बमोजिम र नखुलेकोमा अवस्था हेरेर तोकिए वमोजिम जरिवाना हुनेछ ।

(२) दफा २७ बमोजिम वन उपभोक्ता समूहको अनिवार्यरूपमा स्वतन्त्र,पूर्व सू-सुचित मञ्जुरी लिनु पर्नेमा नलिई कुनै कार्य गरे गराएबाट त्यस्तो वन उपभोक्ता समुहलाई पर्न गएको क्षेतिको बिचार

गरी उचित क्षतिपूर्ति दिनु पर्नेछ र त्यस्तो कार्य गर्ने गराउनेलाई विभागिय सजायको लागि सिफारिस गर्नु पर्नेछ ।

**५३.<u>मुद्दा हेर्ने अधिकारः</u>**

(१) यस ऐन अन्तर्गत सजाय हुने कसुर सम्बन्धी मुद्दा गर्नुपर्ने कारण परेको मितिले ६ महिनाभित्रमा मर्का पर्ने पक्षले स्थानीय तहको न्यायीक समिति समक्ष मुद्दा दायर गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम स्थानीय सरकारको न्यायीक समितिले यस ऐन अन्तर्गत कारवाही गर्दा संक्षिप्त कार्यबिधिऐन, २०२८ वमोजिमको कार्यविधि अपनाउने र अधिकार प्रयोग गर्नेछ ।

(३) उपदफा (१) बमोजिम स्थानीय सरकारको न्यायीक समितिले गरेको निर्णय चित्त नबुझ्ने पक्षले सो निर्णय थाहा पाएको मितिले पैंतीस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

**५४.<u>क्षतिपूर्तिको भराउन सक्नेः</u>**

(१) यस ऐनको विपरीत हुने गरी वन अधिकारवाला समुदायवा व्यक्तिको वन सम्बन्धी अधिकारमा प्रतिकूल प्रभाव पार्ने कार्य गरेको कारणबाट कुनै वन अधिकारवाला समुदाय वा व्यक्तिको वन सम्बन्धी अधिकारको हनन भएकै कारण कुनै पनि किसिमको हानी नोक्सानी हुन गएमा त्यस्तो समुदाय वा व्यक्तिले क्षतिपूर्ति भराई पाउँभनी उजुरी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम क्षतिपूर्तिको निमित्त परेको उजुरी उपर छानबिन गरी वन अधिकार हनन भए नभएको समुदाय वा व्यक्तिलाई हानी नोक्सानी पुग्न गएको देखिएमा हानी नोक्सानीको आधारमा हानी नोक्सानी गर्ने पक्षबाट क्षतिपूर्ति बापतको रकम त्यस्तो समुदाय वा व्यक्तिलाई दिलाउन सक्नेछ ।

## परिच्छेद -८

## कबुलियती वन धार्मिक तथा सांस्कृतिक वनसम्वन्धि व्यवस्था

**५५.कबुलियती वन हस्तान्तरण गर्न सक्नेः**

(१) यस सानीभेरी गाउँपालिकाको विभिन्न वडा कार्यालयहरुले गरिबीको रेखामुनिका परिवार भनी पहिचान गरेका परिवारको समूहलाई गरिबी न्यूनीकरणका लागि कबुलियती वन हस्तान्तरण गर्न डिभिजन वन कार्यालय समक्ष सिफारिस गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको सिफारिसका आधारमा प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले गरिवीको रेखामुनीका परिवारको कबुलिती वन उपभोक्ता समूह गठन गर्न र कबुलियती वनको कार्ययोजना बनाई वनको संरक्षण र विकास हुने गरी आय आर्जन हुने कार्यक्रम सञ्चालनका लागि उक्त समूहलाई कबुलियती वनको रुपमा वनक्षेत्र उपलब्ध गराउन सक्नेछ ।

(३) डिभिजन वन कार्यालयले उपदफा (२) बमोजिमको कबुलियती वनको विवरण यस सानीभेरी गाउँपालिकामा उपलब्ध गराउनु पर्नेछ र सोही आधारमा यस सानीभेरी गाउँपालिकाले कबुलियती वन उपभोक्ता समूहलाई आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(४) कबुलिती वन उपभोक्ता समूहसम्बन्धी अन्य व्यवस्था वनसम्बन्धी प्रचलित संघीय तथा प्रदेश कानून र स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम हुनेछ ।

**५६.धार्मिक तथा सांस्कृतिक महत्वका वनहरुको संरक्षणः**

(१) यस सानीभेरी गाउँपालिकामा धार्मिक तथा सांस्कृतिक महत्वका वनहरु रहेमा सोको संरक्षण र सदुपयोगका लागि धार्मिक तथा सांस्कृतिक वन उपभोक्ता समूह गठन गर्न सकिने छ ।

(२) धार्मिक तथा सांस्कृतिक वन उपभोक्ता समूह गठन र दर्ता गर्दा दफा १३ र १४ बमोजिमको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ ।

(३) सम्बन्धित धार्मिक तथा सांस्कृतिक समुदायले आफ्नो धर्म संस्कृति वा प्रथापरम्परासँग सम्बन्धित वन संरक्षण गर्न चाहेमा त्यस्तो वन
सोही धार्मिक तथा सांस्कृतिक समूह वा समुदायलाई हस्तान्तरण गर्नुपर्नेछ ।

(४) धार्मिक तथा सांस्कृतिक वनको व्यवस्थापन कार्ययोजना तर्जुमाका लागि यस सानीभेरी गाउँपालिकाको सम्बन्धित वडा कार्यालयसँगको
समन्वयमा डिभिजन वन कार्यालयले प्राविधिक र अन्य आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(५) धार्मिक वनमा विकास आयोजना सञ्चालन गर्दा काटिएका रुखहरु यस सानीभेरी गाउँपालिकामा कार्यपालिकाको समन्वय र सहमतिमा सम्बन्धित धार्मिक तथा सांस्कृतिक समूहले विक्री वितरण गर्न सक्नेछ ।

## परिच्छेद -९

## निजी वनसम्बन्धी व्यवस्था

**५७. निजी वन दर्तासम्बन्धी व्यवस्थाः**

(१) निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले निजी वन दर्ताको लागि प्रदेश सरकारको वनसम्बन्धी कार्यालयको सिफारिस सहित यस सानीभेरी गाउँपालिकामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै निवेदन परेमा आवश्यक जाँचबुझ गरी यस सानीभेरी गाउँपालिकाले नीजि वन दर्ता गरी प्रमाणपत्र दिनेछ

(३) उपदफा (२) बमोजिम निजी वन दर्ता गरेको विवरण सहितको जानकारी यस सानीभेरी गाउँपालिकाले प्रदेश सरकारको वन सम्बन्धी कार्यालयलाई गराउनेछ ।

**५८.निजी वनको व्यवस्थापन र वन पैदावार परिचालन :**

(१) निजी वनको धनीले निजी वनको विकास, संरक्षण, व्यवस्थापन गर्न तथा निजी वनको वन पैदावारको उपयोग गर्न वा स्वतन्त्र रुपमा मूल्य निर्धारण गरी बिक्री वितरण गर्न सक्नेछ ।

(२) निजी वनको धनीको अनुरोधमा उपदफा (१) बमोजिमको कामका लागि यस सानीभेरी गाउँपालिका र प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

(३) व्यावसायिक प्रयोजनको लागि निजी वन वा निजी आवादीमा रहेका वन पैदावारको सङ्कलन तथा ओसारपसार यसै सानीभेरी गाउँपालिकाको क्षेत्रभित्र गर्नु परेमा यस सानीभेरी गाउँपालिकाबाट स्वीकृति लिनु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजी वनको वन पैदावार व्यावसायिक प्रयोजनको लागि यस सानीभेरी गाउँपालिकाको क्षेत्रबाट अन्य कुनै स्थानीय तहको क्षेत्रमा वन पैदावारको विक्री वितरण र ओसारपसार गर्नु परेमा प्रदेश सरकारको वन सम्बन्धी कार्यालयबाट स्वीकृति लिनु पर्नेछ ।

(५) घरायसी प्रयोजनको लागि यस सानीभेरी गाउँपालिकाको क्षेत्रबाट यो सानीभेरी गाउँपालिका रहेको जिल्ला भित्रको कुनै स्थानीय तहमा वन पैदावार विक्री वितरण तथा ओसारपसार गर्नु परेमा यस सानीभेरी गाउँपालिकाबाट सङ्कलन तथा ओसारपसार गर्ने स्वीकृती लिनु पर्नेछ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो सानीभेरी गाउँपालिका रहेको जिल्लाबाट कुनै अर्को जिल्लामा घरायसी प्रयोजनका लागि वन पैदावार विक्री वितरण तथा ओसारपसार गर्नु परेमा प्रदेश सरकारको वन सम्बन्धी कार्यालयबाट स्वीकृति लिनु पर्नेछ ।

(७) निजी वनको धनीलाई निजी वन विकास,कृषि वन तथा जडीबुटी खेती एवं गैरकाष्ठ वन पैदावार प्रवद्र्धनका लागि यस सानीभेरी गाउँपालिकाबाट पारित कार्यक्रम तथा योजना अनुसारका सहयोग, अनुदान तथा सुविधाहरु उपलव्ध गराउन सकिनेछ ।

**५९.निजी वनमा वन्यजन्तु पालनः**

(१) कुनै निजी वनवालाले यस सानीभेरी गाउँपालिकाको सिफारिसमा वन तथा वन्यजन्तु सम्बन्धी प्रचलित संघीय कानून र मापदण्डको अधीनमा रही आफ्नो निजी वनमा संरक्षित वन्यजन्तु बाहेकका वन्यजन्तु तथा पन्छी समेत पालन गर्न सक्नेछ ।

(२) कुनै निजी वनवालाले उपदफा (१) बमोजिमका कार्यहरु गरेको भएमा सोको जानकारी यस सानीभेरी गाउँपालिकामा गराउनु पर्नेछ र उक्त वन्यजन्तु तथा पन्छीमा कुनै रोग देखा परेमा तत्काल प्रदेश सरकारको वनसम्बन्धी कार्यालय,पशु विकास कार्यालय र अन्य सम्बन्धित निकायको सहयोगमा रोकथाम तथा नियन्त्रण गर्नुपर्नेछ ।

## परिच्छेद-१०

## पारिवारिक निजी वन सम्वन्धी व्यवस्थाः

**६०. पारिवारिक निजी वन दर्ताः**

(१) पारिवारिक निजी वनको दर्ता स्थानिय तहको सवै भन्दा तल्लो अर्थात वार्डमा दर्ता गरिनेछ ।

(२) दर्ता भएका पारिवारिक निजी वनहरु धितो राखेर वैंकवाट रिन लिन सक्ने व्यवस्था गरिनेछ ।

(३) पारिवारिक निजी वन भित्रको काठ कटानी र ओसार स्थानिय सरकारवाट अनुमती लिएर नेपाल भित्रका कुनै पनि भागमा लगेर
विक्रि वितरण गर्न सक्नेछ ।

(४) पारिवाकि निजी वन किसानहरुलाइ कृषि वन लगाउन थप प्रोत्साहन गरिनेछ ।

(५) पाविारिक निजी वनका किसानहरुले वनमा आधारित उद्योगहरु स्थापना गर्न चाहेमा स्थानिय सरकारले अनुमती दिनेछ ।

(६) पारिवारिक निजी वन दैवि पैकोप भएर नष्ट भएमा क्षेती पूर्तीको व्यवस्था गरिनेछ ।

(७) परिक्षण गरिएका विरुवाहरु र छिटो छरितो हुर्कने विरुवाहरु वृक्षा रोपण गर्न प्रोत्साहन गर्ने ।

(८) पारिवारिक निजी वनको संरक्षण सम्बद्र्धन उपयोग व्यवस्थापन गर्न तथा स्वतन्त्ररुपले वन पैदावारको मुल्य निर्धारण गर्ने गरी विक्री
वितरण गर्न पाउने गरी स्थानीय सरकारले दर्ता प्रमाण पत्र दिनेछ ।

(९) पारिवारिक निजी वनलाइ स्थानिय सरकारले आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउने छ ।

(१०) पारिवारिक निजी वन दर्ता भएको जानकारी प्राप्त भएको १५ दिन भित्र सो को जानकारी दिनेछ ।

(११) पारिवारिक निजी वन किसानहरुले स्थानिय सरकारले तोकेको निवेदन सहित :स्थानीय सरकार समक्ष पेश गर्ने |

## परिच्छेद- ११

## अनुगमन सम्बन्धी व्यवस्था

### ६१.अनुगमन सम्बन्धी व्यवस्थाः

(१) गाउँपालिका अन्तर्गत गठित सामुदायिक वनको क्षेत्राधिकार अन्तर्गत भए गरेका समग्र कार्यहरुको अनुगमन गर्न एक गाउँपालिका स्तरीय अनुगमन समिति गठन गरिनेछ ।

(२) उपदफा (१)बमोजिमको अनुगमन समितिमा तपसिलका पदाधिकारीहरु रहनेछन् ।

(क) गाउँपालिका अध्यक्ष वा निजले तोकेको गाउँ कार्यपालिका सदस्य अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी  सदस्य

(ग)  बन वातावरण विपद ब्यवस्थापन समितिका प्रमुख सदस्य

(घ) सामुदायिक वन उपभोक्ता समूह हरुमध्ये समन्वय समितिले तोकेको दुई जना महिला सहित तिन जना सदस्य

(ङ) सुरक्षा निकायको एक जना प्रतिनिधि  सदस्य

(च) वन कार्यालयको प्रतिनिधि एक जना सदस्य

(छ) उद्योग वाणिज्य संघबाट एक जना सदस्य

(ज) गाउँ वन तथा वातावरण शाखा सदस्य सचिव

नोटः समुहमा संचालन गरिने सबै कार्यक्रमहरूको अनुगमन गर्न महिला, दलित, वञ्चित तथा विपन्न वर्गहरूलाई समेत सलंग्न गराई सहभागितामलूक अनगुमन समितिको गठन र अभ्यास गर्नुपर्दछ ।

## परिच्छेद -१२

## वनसम्बन्धी संस्थागत व्यवस्था

६२.नेपाल सरकार र प्रदेश सरकारको भूमिका : यो ऐन कार्यान्वयनका लागि नेपाल सरकार र प्रदेश सरकारले आवश्यक सहयोग र स्रोत साधन उपलब्ध गराउन सक्नेछ ।

६३.वन तथा वातावरणसम्बन्धी विषयगत समितिः

(१) यस सानीभेरी गाउँपालिकाले वन क्षेत्रका विषयमा समन्वय, अनुगमन तथा मूल्यांकन र अन्य आवश्यक कार्यहरु गर्नका लागि सानीभेरी गाउँपालिका तहमा कार्यपालिकाको कुनै सदस्यको संयजकत्वमा वन तथा वातावरण समिति वा तथा वातावरण परिषद् गठन गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम गठन हुने समिति वा परिषद्मा सम्बन्धित निकायहरुका साथै सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल, सरोकारवाला नागरिक समाज र निजी क्षेत्रको समेत प्रतिनिधित्व गराउनु पर्नेछ ।*

६४. वन तथा वातावरण शाखाले वनसम्बन्धी कार्य गर्न सक्ने :

(१) यस सानीभेरी गाउँपालिकामा रहने वन तथा वातावरणसम्बन्धी शाखाले वन सम्बन्धी विषयमा काम गर्नको लागि आवश्यक मानव स्रोतको व्यवस्था गरी वनका विषयमा आवश्यक सहजीकरण र प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

२) वन तथा वातावरण शाखाले वनसम्बन्धी कार्य सञ्चालन गर्दा यस सानीभेरी गाउँपालिकामा रहेको विषयगत समितिसँग सहकार्य र समन्वय गर्नुपर्नेछ ।

६५.वनसम्बन्धी कार्यक्रम सञ्चालन गर्न सक्ने :

(१) यस सानोभेरी गाउँपालिकाले नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(२)(ञ) र दफा ११(४)(ङ) मा उल्लिखित वन, वन्यजन्तु, जैविक विविधता र वातावरणसम्बन्धी कार्यहरु गर्नको लागि उपभोक्ता समूह, सामुदायिक वन उपभोक्ता महासंघ नेपाल, सरोकारवाला संघ संस्था तथा नागरिक समाज र निजी क्षेत्रसँग समेत समन्वय, परामर्श र सहकार्य गरी सानीभेरी गाउँपालिका स्तरको पञ्चवर्षिय तथा दिर्घकालिन वन योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ ।

२) यस सानीभेरी गाउँपालिकाले वनसम्बन्धी कार्यक्रम सञ्चालन गर्दा उपभोक्ता समूह र सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल मार्फत सञ्चालन गर्न प्राथमिकता दिनु पर्नेछ ।

३) यस सानीभेरी गाउँपालिकाले आफ्नो वन योजना कार्यान्वनका क्रममा वन उपभोक्ता समूहको क्षमता विकास, सामुदायिक वनका कार्ययोजना तर्जुमा, संशोधन तथा परिमार्जन, वन उद्यम तथा पर्यापर्यटन विकास लगायतका कार्यहरुको लागि आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने गरी नियमित रुपमा बजेट विनियोजन गर्न सक्नेछ ।

## परिच्छेद -१३

## विविध

**६६. वन क्षेत्रमा प्रवेश नियमन :**

(१) वन संरक्षणको दृष्टिकोणले आवश्यक देखिएमा यस सानीभेरी गाउँपालिका र सम्बन्धित वन उपभोक्ता समूहले आफ्नो सबै वन क्षेत्र वा केही निश्चित् वन क्षेत्रमा केही समयका लागि प्रवेश नियन्त्रण तथा निषेध गर्न सक्नेछ ।

२) सामुदायिक वन बाहेकका वन क्षेत्रमा केही समयका लागि प्रवेश निषेध गर्नुपर्ने भएमा सो सम्बन्धी व्यवस्था वनसम्बन्धी प्रचलित संघीय कानून बमोजिम हुनेछ र प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले वन क्षेत्रमा प्रवेश निषेधसम्बन्धी निर्णय गर्दा यस सानोभेरी गाउँपालिकासँग समन्वय, छलफल तथा परामर्श गर्नु पर्नेछ ।

३) उपदफा (१) र (२) बमोजिम वन क्षेत्रमा प्रवेश निषेध गर्दा परम्परागत रुपमा उपयोग गर्दै आएको बाटो, पानी (खानेपानी, सिंचाइ, पानीघट्ट) र धार्मिक तथा सांस्कृतिक क्षेत्रको नियमित उपयोगमा प्रतिबन्ध लगाउन पाइने छैन ।

**६७. सामाजिक प्रयोजनका लागि वन पैदावारको आपूर्तिः** यस सानीभेरी गाउँपालिकाको क्षेत्रभित्र धार्मिक तथा सांस्कृतिक कार्य, विपद् व्यवस्थापन, दाह संस्कार, विपन्न वर्गको घरगोठ निर्माण र अन्य अत्यावश्यक विकास निर्माणको लागि काठ दाउरा आवश्यक परेमा यस सानीभेरी गाउँपालिकाले सम्बन्धित वन उपभोक्ता समूह वा निजी वनवालालाई न्यूनतम् शुल्क लिई यी प्रयोजनका लागि काठ दाउरा आपूर्ति गर्नका लागि समन्वय गर्न सक्नेछ ।

**६८.वेवारिस वा दरियावुर्दी काठबाट प्राप्त लाभको बाँडफाँड :** प्रदेश सरकारले वनसम्बन्धी प्रचलित संघीय कानून बमोजिम यस सानिभेरी गाउँपालिकाको क्षेत्रबाट संकलित वेवारिस वा दरियावुर्दी

काठबाट प्राप्त रकमको २५ प्रतिशत रकम यस सानीभेरी गाउँपालिकाको सञ्चित कोषमा उपलब्ध गराउनु पर्नेछ ।

६९.**अन्तरस्थानीय तहमा फैलिएको वन व्यवस्थापन** : यस सानीभेरी गाउँपालिका र छिमेकी गाउँ÷नगरपालिका बीच फैलिएको वनको दिगो व्यवस्थापनका लागि अन्तरस्थानीय तह वन समन्वय समिति गठन गरी त्यस्ता वनहरुको सामुदायिक वनका माध्यमबाट दिगो संरक्षण र व्यवस्थापनका लागि सहजीकरण गरिनेछ ।

७०. **वनसम्बन्धी अध्ययन अनुसन्धान र अभिलेख** :

(१) यस सानीभेरी गाउँपालिकामा रहेको वनसम्बन्धी अध्ययन अनुसन्धानका लागि आवश्यक अनुदानको व्यवस्था गरी वनको विकासमा टेवा पुर्याउने योजना तर्जुमा गर्न सकिनेछ ।

२) यस सानीभेरी गाउँपालिकाले आफ्नो क्षेत्रमा रहेको वन पैदावार तथा जैविक विविधता र वन्यजन्तु तथा यी विषयसँग सम्बन्धित परम्परागत ज्ञान र अभ्यासहरुको अभिलेख तयारी गर्न सक्नेछ ।

३) उपदफा (२) बमोजिम तयार गरिएको अभिलेखलाई विद्युतीय माध्यमबाट व्यवस्थित गरी समुदाय तथा सरोकारवालाको पहुँचमा राख्नु पर्नेछ ।

७१. **पुरस्कारसम्बन्धी व्यवस्था** : वन संरक्षण र व्यवस्थापनमा उल्लेखनीय योगदान गर्ने समुदाय, व्यक्ति वा संस्थालाई यस सानीभेरी गाउँपालिकाले आवश्यक पुरस्कारको व्यवस्था गर्न सक्नेछ ।

७२. **अधिकार प्रत्यायोजन**: यस सानीभेरी गाउँपालिकाको कार्यपालिकाले यस ऐन बमोजिम प्राप्त गरेको अधिकार कुनै विषयगत समिति वा अध्यक्षलाई प्रत्यायोजन गर्न सक्नेछ ।

७३**. नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्ने** : यस ऐनमा गरिएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको लागि यस सानीभेरी गाउँपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्नेछ ।

७४**. बाझिएमा गर्ने** : यस ऐनमा गरिएका व्यवस्था र प्रचलित संघीय तथा प्रदेश कानूनमा गरिएका व्यवस्थाहरु बाझिएमा बाझिएको हदसम्म प्रचलित संघीय र प्रदेश कानून बमोजिम हुनेछ ।

७५. **गाउँपालीका बाट अनुमति लिनुपर्नेः-**

(१) गाउँपालीका को अनुमति लिई उपभोक्ता समुहले सामुदायिक वनक्षेत्रमा सामुदायिक चिडियाखाना, वन्यजन्तुको व्यावसायीक पालन, समुदायको पहुच भन्दा टाढा रहेको वन सामुदायिक संरक्षण क्षेत्र, पर्यापर्यटन कार्यक्रम जस्ता वनमा आधारित उद्यम वा समुदायमा वन पैदावारजन्य उद्योग संचालन

गर्ने, उत्पादन गर्ने, उत्पादिन बस्तु वा वनपैदावार निकासी पैठारी गर्ने र सोबाट लाभ प्राप्त गर्न सक्नेछ ।

(२) वनपैदावारजन्य उद्योगबाट उत्पादित वनपैदावारको निकासी पैठारी वन उपभोक्ता समुहले तोकेको व्यक्तिले गर्न सक्नेछ । त्यसरी निकासी पैठारी गर्दा सोको जानकारी अनिवार्य रूपमा गाउँपालीका लाई दिनुपर्नेछ ।

(३) सामुदायिक वन समुहको दर्ता प्रमाणपत्रका आधारमा सहकारी मार्फत सःमिलका साथै वन पैदावारमा आधारित अन्य उद्यमहरु सञ्चालन गर्न सक्नेछन। यसलाई कुनै दुरिको मापदण्डले असर गर्ने छैन ।

(४) गाउँपालीकाले पारिवारिक निजी वन दर्ता, संरक्षण, संवर्द्धन, व्यवस्थापन र निर्यातको जानकारी दिएर काम गर्न सक्नेछ ।

**७६. <u>अधिकार प्रत्यायोजनः</u>**

गाउँपालीका अध्यक्ष ले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरू मध्ये आवश्यकता अनुसार केही अधिकार यस ऐन बमोजिम स्थानीय सरकारले तोकेको व्यक्तिलाई प्रत्यायोजन गर्न सक्नेछ।

**७७. <u>असल नियतले गरेको कामको बचाउः</u>** वन उपभोक्ता समिति, क्षतिपूर्ति समिति वा स्थानीय सरकारको कुनै कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफ्नो कर्तव्यपालन गर्दा असल नियतले गरेको काम कारवाही प्रति निज व्यक्तिगत रूपले जवाफदेही हुने छैन ।

**७८.<u>नियमकार्यविधि मापदण्ड बनाउने अधिकारः</u>** यस ऐनको कार्यान्वयनको लागि सानीभेरी गाउँपालिका ले आवश्यक नियम कार्यविधि मापदण्ड बनाई कार्यान्वयन गर्न सक्नेछ ।

**७९.<u>प्रचलित कानून बमोजिम हुने</u>**ः यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

**८०<u>. बचाउ तथा खारेजीः</u>** सानीभेरीपालिका वन ऐन २०७७ खारेज गरिएको छ ।सानीभेरी पालिका वन ऐन २०७७ बमोजिम भएका कामकारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

## अनुसुचीहरु- १

## उपभोक्ता समूहको दर्ताका लागि दिइने निवेदन

श्री  प्रमुख प्रशासकीय अधिकृत ज्यु

गाउँपालिकाको कार्यालय,

सानीभेरी पालीकाका वन ऐन २०७७ मा व्यवस्था भए बमोजिम उपभोक्ता समूहको गठन गरी उक्त उपभोक्ता समूह दर्ता गरी पाउन सो को विधान संलग्न गरी पेश गरेका छौं । उपभोक्ता समूहको दर्ता गरी सो को जानकारी पाउन अनुरोध गर्दछौं ।

निवेदक

............... उपभोक्ता समूहको तर्फबाट

| क्र.स. | पद | नाम र थर | लिङ्ग | दस्ताखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | | | |
| २ | उपाध्यक्ष | | | |
| ३ | सचिव | | | |
| ४ | कोषाध्यक्ष | | | |
| ५ | सदस्य | | | |
| ६ | सदस्य | | | |
| ७ | सदस्य | | | |
| ८ | सदस्य | | | |
| ९ | सदस्य | | | |
| १० | सदस्य | | | |
| ११ | सदस्य | | | |

नोटः साधारण सभाबाट उपभोक्ता समितिको गठन गर्नु पर्नेछ। यसरी समिति गठन गर्दा सबै वर्गको उपभोक्ताहरू जस्तै विपन्न, महिला, दलित, आदिवासी, जनजाति आदिको समानूपातिक प्रतिनिधित्व सुनिश्चित गर्नुपर्दछ । उपभोक्ता समितिमा ५० प्रतिशत महिला , अध्यक्ष सचिव मध्ये एक महिला, उपाध्यक्ष र

कोषाध्यक्ष मध्ये एक महिला अनिवार्य हुनुपर्नेछ । बाँकी ५० प्रतिशतमा पनि विपन्न, दलित, आदिवासी, जनजाति र जातजातिको समानपुातिक प्रतिनिधित्व हुनु पर्नेछ ।

**अनुसुचीहरु- २**

**उपभोक्ता समूह दर्ताको प्रमाण पत्रः**

गाउँपालिका सरकार

गाउँपालीका कार्यालय,

दर्ता नं.

श्री.................................................. उपभोक्ता समूह

यस गाउपालिका सरकारको मिति ................ को निर्णय अनुसार स्थानीय वन ऐनले दिएको अधिकार प्रयोग गरी त्यस उपभोक्ता समूहलाई दर्ता गरी यो प्रमाण पत्र दिइएको छ ।

उपभोक्ता समूहको विवरण

उपभोक्ता समूहको क्षेत्रफल, घरधुरी संख्या, कुल जनसंख्या

प्रमाण पत्र दिने अधिकारी

नाम,

दर्ता,

दस्तखत

मिति- ....../.../.../

यो प्रमाणपत्र हराएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन १०० रुपैया दस्तुर लाग्नेछ ।

## अनुसुचीहरु- ३

## सामुदायिक वन दर्ताको लागि दिइने निवेदनः

श्री अध्यक्ष ज्यु

गाउँ पालीकाको कार्यालय

सानीभेरी गाउँपालीका वन ऐन २०७७ को अधिनमा रही संलग्न वन कार्ययोजना अनुसार सामुदायिक वनको रुपमा संरक्षण सम्वर्धन र सदुपयोग गर्न चाहेकोले देहायको वन क्षेत्र यस उपभोक्ता समूहलाई हस्तान्तरण गर्नु हुन यो निदेदन पेश गरेका छौं ।

क) प्रस्तावित सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न चाहेको वनको नाम र ठेगाना चार किल्ला, क्षेत्रफल, जैविक विविधता

निवेदक

............... सामुदायिक वनउपभोक्ता समूहको तर्फबाट

| क्र.सं. | पद | नाम र थर | लिङ्ग | दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसुचीहरु- ४

## सामुदयिक वन दर्ताको प्रमाण पत्रः

गाउँपालिका  सरकार

गाउँपालीकाको कार्यालय

.................. वन

श्री .................... उपभोक्ता समूह

...................................

गाउँपालिका वन ऐन २०७७ को अधिनमा रही देहायको राष्ट्रिय वन क्षेत्र यसै साथ संलग्न कार्ययोजना वमोजिम व्यवस्थापन गरी सदुपयोग र सामुदायिक वनको रुपमा सुम्पिएको छ ।

नामः

चारकिल्लाः

क्षेत्रफलः

प्रमाणपत्र दिने अधिकारी

नाम, थरः

दस्तखतः

मितिः

## अनुसुचीहरु- ५

**वन पैदावारको (प्रकार) मुल्य निर्धारण**

काठको जात..............

ठुटा...........................

दाउरा..................................

## अनुसुचीहरु- ६

**जडिबुटीको नाम र दस्तुर.................**

जरा जाती........................................

फुल र भुवा जाती................................

गमरेजिन लोहवान जाती.............................

अन्य जडीबुटी........................................

## अनुसुचीहरु- ७

**काठ, दाउरा, खयर र जडिबुटी बाहेक अन्य वन पैदावार**

वन पैदावारको नाम.................

## अनुसुचीहरु- ८

**सामुदायिक वन उपभोक्ता समूहको विधान तथा कार्ययोजनामा समावेश हुने कुराहरु**

सा.व.को कार्ययोजनामा जैविक विविधताको अभिलेखिकरणः

पर्यपर्यटन विकास दर्ता निवेदनः

पर्यपर्यटन दर्ता प्रमाण पत्र हस्तान्तरणः

उद्यम दर्ता निवेदनः

उद्यम दर्ता प्रमाण पत्र हस्तान्तरणः

उद्यमनविकरणः

ऋण मागको लागि निवेदनः

धितो मुल्याङ्गनका लागि निवेदनः

वन्यजन्तु पालनको लागि निवेदनः

वन्यजन्तु पालनका लागि प्रमाण पत्रः

वन्य जन्तु व्यवसाय सन्चालनको अनुमतिः

(हरेक निवेदनको दस्तुर)

## अनुसुचीहरु- ९

**वन्यजन्तु व्यवसाय गर्दा देहायको योग्यता भएको हुनु पर्दछः**

क. सामुदायिक वन उपभोक्ता समुहको सदस्य भएको हुने ।

ख. २१ वर्षउमेर पुरा पुरा भएको

ग. कुनै कानुनले अयोग्य नभएको

घ.पारिवारीक निजी वनको दर्ता र व्यवसायिकीकरण

ङ. लालपुर्जाको फोटो कपी

च. व्यक्तिको फोटो

आज्ञाले

दिपक बुढाथोकी

प्रमुख प्रशासकीय अधिकृत